# आर्थिक वर्ष २०८१/८२ को

# बजेट वक्तव्य

कर्णाली प्रदेश सरकार

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

वीरेन्द्रनगर, सुर्खेत

२०८१

www.moeap.karnali.gov.np

**माननीय सभामुख महोदय,**

१. नेपालको संविधानको धारा २०७ बमोजिम कर्णाली प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले आर्थिक वर्ष २०८१/८२ को बजेट प्रस्तुत गर्न यस सम्मानित सदनमा उपस्थित भएको छु।

२. सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि भएका सशस्त्र सङ्घर्ष, जनआन्दोलन एवम् कर्णाली प्रदेश स्थापनार्थ भएको आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहिदप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। यस अवसरमा सहिद परिवार, विभिन्न आन्दोलनका घाइते, अपाङ्ग तथा वेपत्ता नागरिकप्रति उच्च सम्मान प्रकट गर्दछु।

३. सम्वत् २०८० साल कार्तिक १७ गते जाजरकोटको रामिडाँडा केन्द्रबिन्दु भइ गएको भूकम्पबाट प्रभावित जाजरकोट, रुकुम पश्चिम लगायतका जिल्लामा भएको मानवीय क्षति तथा अन्य विपदजन्य बाढी, पहिरो जस्ता प्रकोपबाट ज्यान गुमाएका मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। यस्तो प्राकृतिक विपत्तिमा घाइते तथा अङ्गभङ्ग भएका नागरिकहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

४. पछिल्ला केही समयदेखि शिथिल रहेको नेपालको अर्थतन्त्र सङ्घ र प्रदेश सरकारको निरन्तरको प्रयासबाट चलायमान हुन थाले पनि यसले अपेक्षित गति लिन सकेको छैन। यसको प्रभावबाट कर्णाली प्रदेश पनि अछुतो रहन सकेन। मानव विकास सूचकाङ्क, भौतिक पूर्वाधार, आर्थिक गतिविधि, रोजगारी, अवसर, पहुँच र स्रोतबाट पछि परेको कर्णाली प्रदेशको विकासमा यो बजेटले उत्प्रेरकको भूमिका खेल्ने विश्वास लिएको छु।

५. बजेट तर्जुमा गर्दा नेपाल सरकारको पन्ध्रौं योजना तथा कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनाबाट प्राप्त उपलब्धि र अनुभव, नेपाल सरकारको सोह्रौं योजना र कर्णाली प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजनाको रणनीतिक सोच, नेपाल सरकारको दिगो विकास लक्ष्य, समृद्ध नेपाल सुखी नेपालीको दीर्घकालीन राष्ट्रिय आकाङ्क्षामा आधारित समृद्ध कर्णाली, सुखारी कर्णालीवासीको दीर्घकालीन सोच तथा विनियोजन विधेयक, २०८१ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरू माथि प्रदेश सभाका माननीय सदस्यहरूबाट प्राप्त सुझाव एवम् प्रदेश

सरकारको वार्षिक नीति तथा कार्यक्रमलाई प्रमुख आधारका रुपमा लिएको छु। विद्वत् वर्ग, नागरिक समाज, निजी क्षेत्र, सञ्चार जगत तथा आमनागरिकबाट प्राप्त सल्लाह सुझाव समेतलाई प्राथमिकतामा राखेको छु।

**माननीय सभामुख महोदय,**

कर्णाली प्रदेशको आर्थिक स्थिति, सामाजिक अवस्था, विवरण र तथ्याङ्क समावेश गरिएको आर्थिक सर्वेक्षण २०८०/८१ यसै बजेट साथ सार्वजनिक गरेको छु। अब म प्रदेशको विद्यमान अवस्थाको सङ्क्षिप्त जानकारी प्रस्तुत गर्दछु।

६. नेपालको कुल भू-भागको करिब २१ प्रतिशत रहेको यस प्रदेशको जनसङ्ख्या १६ लाख ८८ हजार ४ सय १२ रहेको छ। यो सङ्ख्या नेपालको कुल जनसङ्ख्याको ५.७९ प्रतिशत हुन आउँछ। यस प्रदेशको वार्षिक जनसङ्ख्या वृद्धिदर ०.७० प्रतिशत रहेको छ।

७. राष्ट्रिय तथ्याङ्क कार्यालयले हालै सार्वजनिक गरेको प्रक्षेपण अनुसार नेपालको चालु आर्थिक वर्षमा आर्थिक वृद्धिदर ३.८७ प्रतिशत र कर्णाली प्रदेशको आर्थिक वृद्धिदर ३.३९ प्रतिशत हुने अनुमान रहेको छ।

८. नेपाल जीवनस्तर सर्वेक्षण २०७९/८० अनुसार कर्णाली प्रदेशमा निरपेक्ष गरिबी २६.७ प्रतिशत रहेको छ जुन राष्ट्रिय औसत २०.३ प्रतिशत भन्दा बढी रहेको छ। पछिल्लो मानव विकास सूचकाङ्क प्रतिवेदन अनुसार नेपालको मानव विकास सूचकाङ्क ०.६०२ रहेकोमा कर्णाली प्रदेशको ०.५३८ रहेको छ।

९. नेपालको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन बढ्दै गएको छ। आर्थिक वर्ष २०८०/८१ मा १ हजार ४ सय ३४ अमेरिकी डलर रहने अनुमान छ, भने कर्णाली प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १ हजार ६६ अमेरिकी डलर रहने अनुमान छ।

१०. नेपालको गरिबीको दर २०.२७ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको गरिबीको दर २६.६९ प्रतिशत रहेको छ।

११. राष्ट्रिय औसत आयु ७१.३ वर्ष र कर्णालीवासीको औसत आयु ७२.५ वर्ष रहेको छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार कुल साक्षरता दर ७६.२ प्रतिशत रहेकोमा कर्णाली प्रदेशको ७६.१ प्रतिशत रहेको छ।

१२. राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालमा महिला परिवारमूली भएका परिवार ३१.६ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशमा महिला परिवार मूली भएका परिवार ३२.१ प्रतिशत रहेको छ।

**माननीय सभामुख महोदय,**

अब म गत आर्थिक वर्षका केही तथ्याङ्क सहित चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमको समीक्षा पेस गर्ने अनुमति चाहन्छु।

१३. कर्णाली प्रदेशको विगत ६ वर्षको कुल बजेट १ खर्ब ६६ अर्ब ५६ करोड प्रस्तुत भएको थियो। बजेटको संरचना हेर्दा चालुतर्फ ३७.४६ प्रतिशत र पुँजीगततर्फ ६२.५४ प्रतिशत विनियोजन भइ सो विनियोजनको चालुतर्फ ६२.७१ प्रतिशत र पुँजीगततर्फ ५५.०१ प्रतिशत खर्च भइ समग्रमा ५७.९० प्रतिशत खर्च भएको छ। आर्थिक वर्ष २०८०/८१ को जेठ मसान्तसम्मको खर्च चालुतर्फ ४९.३८ प्रतिशत र पुँजीगततर्फ २९.८७ प्रतिशत खर्च भइ समग्रमा ३७.९३ प्रतिशत खर्च भएको छ।

१४. प्रदेशको स्थापना भएदेखि आर्थिक वर्ष २०७९/८० सम्मको आन्तरिक राजस्व सङ्कलन २ अर्ब २४ करोड १३ लाख ६३ हजार भएको छ जुन कुल राजस्व लक्ष्यको ९४.८ प्रतिशत हुन आउँछ। आर्थिक वर्ष २०८०/८१ मा प्रदेशको आन्तरिक राजस्व सङ्कलन जेठ मसान्तसम्म रू. ६१ करोड ९७ लाख अर्थात् लक्ष्यको तुलनामा ७४.१० प्रतिशत रहेको छ।

१५. चालु आर्थिक वर्षको बजेटको तुलनामा विनियोजनको ७३.१५ प्रतिशत अर्थात् रू. २४ अर्ब ४१ करोड ८५ लाख खर्च हुने अनुमान छ।

१६. आर्थिक वर्ष २०७५/७६ देखि २०७९/८० सम्मको अवधिमा सङ्घीय सरकारबाट सुरू बजेटमा ससर्त, समपूरक र विशेष अनुदानमा कुल रू. २७ अर्ब ५२ करोड प्राप्त भएकोमा सम्बन्धित आर्थिक वर्षभित्र खर्च हुन नसकी जम्मा रू. ७ अर्ब ७८ करोड सङ्घीय सञ्चित कोषमा फिर्ता भएको छ।

**माननीय सभामुख महोदय,**

१७. सुशासन र सामाजिक न्यायसहितको समृद्ध कर्णालीः सामाजिक, आर्थिक र भौतिक विकासहितको समाजवाद उन्मुख प्रणाली भन्ने मूल ध्ययेका साथ आर्थिक समृद्धि, सामाजिक न्याय, गरिबी निवारण, रोजगारी सृजना र उद्यमशीलता विकास गरी समृद्ध कर्णालीः सुखारी कर्णालीवासीको दीर्घकालीन सोच कार्यान्वयन गर्न आगामी वर्षको बजेट केन्द्रित हुनेछ।

१८. गरिबी, बेरोजगारी, न्यून उत्पादन र उत्पादकत्व, कमजोर र अपर्याप्त पूर्वाधार, परनिर्भरता र पछौटेपन जस्ता दुष्चक्रलाई दिगो रुपमा तोड्न सघाउ पुग्ने गरी बजेट तथा कार्यक्रमहरू निर्माण गरेको छु।

१९. सङ्घीय सरकार, स्थानीय तह र निजी क्षेत्र समेतको सहयोग र सहभागितामा कर्णाली प्रदेशको आर्थिक क्रियाकलाप तथा व्यावसायिक गतिविधिहरूमा विस्तार गरी प्रदेशको अर्थतन्त्रलाई चलायमान गराइ समग्र प्रदेशको विकास र समृद्धिमा टेवा पुऱ्याउने अवधारणाबाट बजेट निर्माण गरेको छु।

**माननीय सभामुख महोदय,**

आगामी आर्थिक वर्षको कार्यदिशा स्पष्ट हुने गरी बजेटका सात उद्देश्य, सात प्राथमिकता र सात प्रमुख रणनीतिक क्षेत्र प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**बजेटका सात उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:**

(क) तुलनात्मक लाभका क्षेत्रको पहिचान र विकास गरी प्रदेशको उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिमार्फत आर्थिक वृद्धि गर्नु,

(ख) तहगत सरकारबिचको सहकार्य एवम् निजी क्षेत्र समेतको सहभागितामा प्रदेशको अर्थतन्त्रको विकास र विस्तार गर्नु,

(ग) साधन स्रोतको सन्तुलित र समन्यायिक तवरले परिचालन गरी आर्थिक असमानता र गरिबी न्यूनीकरणमा जोड दिनु,

(घ) सामाजिक सशक्तीकरण, मूलप्रवाहीकरण तथा वितरणात्मक न्यायमार्फत् सामाजिक न्याय कायम गर्नु,

(ङ) शिक्षा, स्वास्थ्य लगायत आधारभूत सेवामा प्रदेशवासीको समान, सरल र सुलभ पहुँच स्थापित गर्नु,
(च) दिगो, गुणस्तरीय र वातावरणमैत्री भौतिक पूर्वाधारको विकास गर्नु,
(छ) प्रदेश सरकारबाट प्रवाह हुने सार्वजनिक सेवालाई प्रभावकारी तुल्याउनु।

**बजेटका सात प्राथमिकताहरू देहाय बमोजिम तय गरेको छुः**

(क) शिक्षा, स्वास्थ्य लगायत सामाजिक क्षेत्रको विकास,
(ख) स्वस्थ, सक्षम र संस्कारयुक्त मानव संशासन विकास,
(ग) उत्पादनशील र रोजगारमूलक क्षेत्रको विकास,
(घ) तुलनात्मक लाभ भएका क्षेत्रको पहिचान, विकास र उपयोग,
(ङ) उपयोगी, लाभदायक र प्रतिफलयुक्त क्षेत्रमा सरकारी लगानी प्रवाह,
(च) संस्थागत सुशासन कायम र सेवा प्रवाहमा सुधार,
(छ) कृषि, वन, उद्योग, पर्यटन र सूचना प्रविधिको विकास गरी रोजगारी सिर्जना।

**अब म बजेटका प्रमुख सात रणनीतिक क्षेत्र प्रस्तुत गर्दछुः**

(क) पुँजीगत खर्चमा गुणात्मक अभिवृद्धि, सार्वजनिक खर्चमा मितव्ययिता र कार्यदक्षता बढाइ उपलब्धि र प्रतिफलसँग आबद्ध गर्ने,
(ख) प्रशासनिक संरचनालाई चुस्त, प्रविधिमैत्री, उत्तरदायी र जनमुखी तुल्याउने,
(ग) नवप्रवर्तन र उद्यमशीलता विकासमा जोड दिने,
(घ) सम्भाव्य आन्तरिक स्रोतको पहिचान, प्रक्षेपण र परिचालन बढाउने,
(ङ) स्रोत साधनको विनियोजनमा कुशलता र कार्यान्वयनमा दक्षता कायम गर्दै मुद्राको मूल्य सुनिश्चित गर्ने,
(च) अनावश्यक र फजुल खर्च माथि कडाइका साथ नियन्त्रण गर्ने,
(छ) प्रशासनिक संयन्त्रलाई नतिजामूलक तुल्याउन कार्यसम्पादनमा आधारित व्यवस्थापन प्रणाली अवलम्बन गर्ने।

**माननीय सभामुख महोदय,**

अब, म आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटका क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**गरिबी निवारण र रोजगारीः प्रदेश सरकारको जिम्मेवारी**

२०. मुख्यमन्त्री रोजगार कार्यक्रममार्फत बेरोजगार व्यक्तिलाई रोजगारीको अवसर उपलब्ध गराउन कर्णाली प्रदेशका सबै वडामा कर्णाली प्रदेश सरकारको उपस्थिति रहेको छ। यो कार्यक्रम स्थानीय तहबाट कार्यान्वयन गर्ने गरी ससर्त अनुदानको रुपमा वित्तीय हस्तान्तरण गर्ने व्यवस्था मिलाएको छु। यस कार्यक्रमबाट प्रत्यक्ष रुपमा १६ हजार बेरोजगार व्यक्तिले आंशिक रोजगारी प्राप्त गर्ने विश्वास लिएको छु। यो कार्यक्रमका लागि रू. १ अर्ब १६ करोड बजेट विनियोजन गरेको छु।

२१. बेरोजगार जनशक्तिलाई व्यवसाय तथा रोजगारीमा आबद्ध गर्न कर्णाली समृद्धि परियोजनामार्फत श्रम तथा सिप नक्साङ्कनको आधारमा उद्यमशीलता विकास, रोजगार मेला र सिप विकास कार्यक्रम सञ्चालन गरिनेछ।

२२. विदेशबाट फर्किएका व्यक्तिहरूले प्राप्त गरेको सिप, अनुभव, पुँजी, ज्ञान तथा सम्बन्ध सञ्जालको उपयोग गरी उत्पादन तथा रोजगारीसँग जोड्न स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धनमा जोड दिइनेछ।

२३. कर्णाली प्रदेशभित्रका विषयगत मन्त्रालयले सञ्चालन गर्ने सिप विकास तालिम, उत्पादन प्रोत्साहन, प्रशोधन केन्द्र स्थापना र बजारीकरण, स्टार्टअप बिजनेस लगायतका उत्पादन र रोजगारीसँग सम्बन्धित कार्यक्रमहरूलाई क्रमशः कर्णाली समृद्धि परियोजनासँग आबद्ध गर्दै लगिनेछ।

२४. प्रदेश सरकारबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रमको कार्यान्वयनबाट थप आयआर्जन तथा रोजगारी सृजना हुनेछ। उद्यमशीलता, तालिम तथा सिप विकासका कार्यक्रमबाट समेत स्वरोजगारी तथा नयाँ रोजगारीका अवसरहरू बढ्ने अपेक्षा लिएको छु।

२५. सङ्घीय सरकार, स्थानीय तह, निजी क्षेत्र तथा अन्य शासकीय पात्रहरूको सहयोग र साझेदारीमा प्रदेशमा व्याप्त रहेको गरिबीको दुष्चक्रलाई तोड्ने दृढ सङ्कल्प लिएको छु। समग्र योजना तथा बजेट प्रक्रियालाई गरिबी निवारण र रोजगारी सिर्जनामा लक्षित गरेको छु।

२६. यो बजेटको कार्यान्वयनबाट गरिबी, बेरोजगारी र असमानतामा कमी आइ समृद्ध कर्णाली सुखारी कर्णालीवासीको दीर्घकालीन लक्ष्य प्राप्तिमा टेवा पुग्ने विश्वास लिएको छु।

## खाद्य तथा कृषि

कृषि उपजमा आत्मनिर्भर कर्णालीः आधुनिक र व्यावसायिक खेती प्रणाली

२७. **उत्पादन एक स्वामित्व अनेक** भन्ने सोचका साथ कृषि उपजहरूको व्यावसायीकरण गरी कृषिजन्य वस्तुको आयात प्रतिस्थापन गर्न करिडोर केन्द्रित उत्पादनशील क्षेत्रहरूमा व्यावसायिक रुपमा तरकारी, फलफूल, कपास उत्पादन वृद्धि गर्न क्लष्टरमा खेती गर्ने प्रणालीलाई प्रवर्द्धन गरिनेछ। गाई, भैंसी, भेडा, बाख्रा र मत्स्यपालन विशेष उत्पादन क्षेत्र निर्धारण गरी प्रवर्द्धन गरिनेछ।

२८. गुणस्तरीय स्याउ तथा ओखर उत्पादन र बजारीकरणमा सहयोग गर्न स्याउ तथा ओखरको क्षेत्र विस्तार कार्यक्रमलाई निरन्तरता दिन आवश्यक रकम विनियोजन गरेको छु।

२९. गुणस्तरीय सुन्तला उत्पादनको पहिचान पाएका दैलेख, सल्यान र जाजरकोट लगायतका जिल्लाहरूमा विगतदेखि नै सुन्तलामा डाईब्याक लगायतका अन्य रोगले गर्दा सुन्तला जातका बोट नासिदै गएकाले त्यस्ता बगैंचाहरूको व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

३०. माटोको अवस्था सुधार गर्नका लागि किसानस्तरमा गुणस्तरीय प्राङ्गारिक मल उत्पादन गर्ने प्रविधि कृषकहरूलाई सिकाउनका लागि अभियानको रूपमा कृषक पाठशाला सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु। विगत वर्षहरूदेखि प्राङ्गारिक मल, गडयौली मल तथा जैविक विषादी उत्पादन, ढुवानी तथा बिक्री मूल्यमा कृषकहरूलाई प्रदान गर्दै आएको अनुदान कार्यक्रमलाई निरन्तरता दिएको छु।

३१. खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउन तथा जिविकोपार्जनमा सुधार ल्याउन भूमिहीन सीमान्तकृत तथा विपन्न वर्ग र भूकम्प प्रभावित जिल्लाका कृषक लक्षित गरेर च्याउ खेती, माहुरी पालन, बाख्रा पालन, तरकारी खेती, कुखुरा पालन, अदुवा तथा बेसार खेती जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

३२. गाईभैंसी पालन गर्ने कृषकहरूलाई प्रोत्साहन गर्नका लागि दुध उत्पादन तथा बिक्री वितरणका आधारमा डोल्पा, हुम्ला, कालीकोट, मुगु र जुम्ला जिल्लाका कृषकहरूलाई प्रति लिटर दुधमा १० रुपैयाँ र रूकुम पश्चिम, सल्यान, सुर्खेत, दैलेख र जाजरकोटका कृषकलाई प्रति लिटर दुधमा ५ रुपैयाँ उत्पादनमा आधारित अनुदान दिने व्यवस्थालाई निरन्तरता दिएको छु।

३३. व्यावसायिक कृषकहरूले सहकारी संस्थाबाट कृषि कर्जा लिएमा १० प्रतिशत र बैङ्कबाट कर्जा लिएमा ७ प्रतिशत ब्याज तिरी दिने व्यवस्थाका लागि रू. ११ करोड बजेट व्यवस्था गरेको छु। यस कार्यक्रमबाट रू. १ अर्ब पुँजी परिचालन भइ करिब १ हजार ५ सय किसान लाभान्वित हुने अनुमान गरेको छु।

३४. कर्णाली प्रदेश सरकारमार्फत् निर्माण भएका कोल्ड स्टोर, सङ्कलन केन्द्र, उच्च प्रविधिका नर्सरीहरूको स्तरोन्नति गरी सञ्चालनमा ल्याउन आवश्यक व्यवस्था मिलाईनेछ। सम्भाव्यता अध्ययनका आधारमा डोल्पा लगायत हिमाली जिल्लामा अङ्गुर प्रशोधन, भेडा, च्याङ्ग्रा तथा चौंरीको ऊन/पश्मीनाबाट कपडा, कार्पेट, राडीपाखी बनाउने उद्योगको विकास र यसको बजारीकरणको व्यवस्था मिलाएको छु।

३५. कर्णाली प्रदेशमा आउने पर्यटकलाई प्रदेशमै उत्पादित प्राङ्गारिक तथा रैथाने कृषि वस्तुहरू उपभोग गर्न पाउने गरी पर्यटकीय क्षेत्रका होटल व्यावसायीहरूको परिकार विविधीकरण गर्न क्षमता विकास गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेशमा उत्पादित दाल, मह, स्याउ, ओखर, रैथाने बालीहरू सजिलै उत्पादन स्थलमा अवलोकन गर्ने र कोसेली घरबाट खरिद गरी लैजान पाउने व्यवस्था मिलाइ कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम प्रभावकारी बनाउने व्यवस्था मिलाएको छु।

३६. निर्यातयोग्य रैथाने तथा प्राङ्गारिक उच्च मूल्ययुक्त वस्तुहरूको पहिचान झल्किने "मूल्यवान" लोगो प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइ बजारीकरणको लागि

उत्पत्ति प्रमाणपत्र, ब्राण्डिङ्ग, क्यूआर कोड, लेबलिङ् तथा गुणस्तर लोगो प्राप्तिमा सहयोग गर्ने व्यवस्था मिलाएको छु। साथै रैथाने बाली, वस्तुको बजार प्रवर्द्धन गर्न खाद्य व्यवस्था तथा व्यापार कम्पनीसँगको सहकार्यमा आधुनिक प्रशोधन केन्द्रको स्थापना गरिनेछ। उक्त प्रशोधन केन्द्रबाट कृषकहरूले उत्पादन गरेका रैथाने बाली, वस्तुहरू खरिद बिक्री सुनिश्चितता हुने अपेक्षा गरेको छु। यस कार्यक्रमका लागि रू. ४ करोड २७ लाख बजेटको व्यवस्था गरेको छु।

३७. कृषि प्रसार सेवालाई प्रभावकारी बनाउन स्थानीय तहमा प्राङ्गारिक कृषि उत्पादन, प्रविधि प्रसार तथा पोषण सुधारको लागि आवश्यक उत्पादन सामग्री सहयोगको लागि ससर्त अनुदानमार्फत स्थानीय तहमा रू. ४ करोड ९७ लाख वित्तीय हस्तान्तरण गर्ने व्यवस्था मिलाएको छु। कृषि प्रविधि प्रसारका लागि कृषि प्रसार शैक्षिक विधि अपनाएर कृषि अनुसन्धानबाट विकसित कृषि प्रविधिहरू कृषक समक्ष पुऱ्याउन र कृषकहरूको सिप तथा व्यावसायिक क्षमता वृद्धि गरिनेछ।

३८. युवाहरूलाई कृषि पेसाप्रति आकर्षण गर्न **आफ्नो पसिना आफ्नै माटोमा, शिक्षित युवा व्यावसायिक कृषिको बाटोमा** भन्ने नाराका साथ स्थानीय तहसँगको सहकार्यमा स्थानीय युवाहरूलाई बाँझो जमिनमा कपास, तरकारी, फलफूल, रैथानेबाली खेती प्रवर्द्धन र व्यावसायिक बाख्रा तथा भैंसीपालनतर्फ आकर्षणका लागि युवाहरूको क्षमता विकास, उत्पादन सामग्री आपूर्ति र सिँचाइ सुविधा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाएको छु।

३९. कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न खेतबारीमा सिँचाइ सुविधा पुऱ्याउनका लागि साना सिँचाइ निर्माण तथा मर्मत कार्यक्रम अन्तर्गत सानातिना कुला र आकाशे पानी सङ्कलन पोखरी निर्माण तथा मर्मत सम्भार गर्नका लागि रू. ३२ करोड रकम विनियोजन गरेको छु।

४०. किसानले उत्पादन गरेको दुधको मूल्य-शृङ्खला वृद्धि गर्न आवश्यक पर्ने चिलिङ भ्याट, डिप फ्रिज, मिल्क अनालाईजर जस्ता यन्त्र उपकरणहरू सहुलियत दरमा दुध सङ्कलन केन्द्रलाई उपलब्ध गराईनेछ। कृषि उपजको उत्पादन लागत घटाउन सहयोग गर्ने कृषि यन्त्र, उपकरण खरिदमा किसानहरूलाई अनुदान सुविधाको व्यवस्था मिलाएको छु। कृषि यान्त्रिकीकरणका लागि रू. १ करोड २ लाख विनियोजन गरेको छु।

४१. कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि आवश्यक पर्ने गुणस्तरीय बीउ बिजन, बेर्ना, माछा भुरा तथा नश्ल जस्ता कृषि बिजहरू कृषकलाई सहज रुपमा उपलब्ध हुने व्यवस्था मिलाएको छु।

४२. बीउमा आत्मनिर्भर प्रदेश बनाउने लक्ष्यका साथ कृषक समूह, सहकारी तथा बीउ विजन कम्पनीमार्फत धान, गहुँ, मकै, आलु र तरकारीको बीउ उत्पादन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु। साथै फलफूलका गुणस्तरीय बेर्ना उत्पादन गर्ने नर्सरीहरू स्थापना तथा सुदृढीकरण गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु।

४३. जातीय गुणस्तर कायम गर्दै कृषि जैविक विविधता संरक्षण र प्रवर्द्धन गर्न कृषक समूह तथा सहकारीसँगको सहकार्यमा डोल्पा जिल्लाको चौरी विकास फार्म, दैलेख जिल्लाको बाख्रा विकास फार्म र सल्यान जिल्लाको सुन्तलाजात फलफूल विकास फार्म सञ्चालनका लागि आवश्यक सहयोग र प्रोत्साहन गरिनेछ। प्राङ्गारिक प्रविधिको परीक्षण तथा प्रवर्द्धन गर्न बागवानी विकास केन्द्र, दार्मालाई प्राङ्गारिक कृषि विकास तथा प्रवर्द्धन फार्मको रुपमा रूपान्तरण गरिनेछ।

४४. भूमिहीन, सीमान्तकृत तथा विपन्न वर्ग र भूकम्प प्रभावित जिल्लाका पीडित कृषकलाई लक्षित गरी कर्णाली समृद्धि परियोजना अन्तर्गत खाद्य तथा पोषण सुरक्षा र जिविकोपार्जन सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

४५. पशु नश्ल सुधार मार्फत उत्पादकत्व वृद्धि गर्न कृत्रिम गर्भाधानका लागि आवश्यक तरल नाईट्रोजन प्लान्ट स्थापना गर्न रू. ४ करोड ८५ लाख रकम विनियोजन गरेको छु।

४६. दुधको प्रशोधन र बजारीकरणका लागि निजी तथा सहकारी क्षेत्रसँगको साझेदारीमा दुध तथा दुग्धजन्य वस्तु उत्पादन उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ। घुम्ती गोठ सञ्चालन गर्ने हिमाली क्षेत्रका भेडा/च्याङ्ग्रा/चौंरीपालक कृषकलाई औषधी उपचार सहयोग स्वरुप प्रति पशुपालकलाई प्रति महिना रू. १ हजार ५ सय कृषकको खातामा जम्मा गर्ने व्यवस्था मिलाएको छु।

४७. प्रत्येक जिल्लामा रहेका गाई, भैंसी, बाख्रा र घाँसको श्रोत केन्द्रहरूको सुदृढीकरण गरिनेछ। पशुपन्छीमा महामारीको रुपमा फैलिन सक्ने विभिन्न सङ्क्रामक

रोगहरूको सर्भिलेन्स एवम् सन् २०३० सम्म उन्मूलन गरिने लक्ष्य राखेका विभिन्न पशुपन्छीजन्य रोग नियन्त्रण गर्न खोप अभियान सञ्चालनका लागि आवश्यक रकम विनियोजन गरेको छु।

४८. कर्णाली प्रदेशको प्राकृतिक जलाशयमा हुने माछा संरक्षण र उपयोगबाट किसानको आयआर्जन अभिवृद्धि गर्न सामुदायिक जलचर संरक्षण र व्यवस्थापन गर्ने सरकारको नीति कार्यान्वयन गर्न आवश्यक कानुन निर्माण गरिनेछ।

४९. विभिन्न प्राकृतिक प्रकोपबाट कृषि बाली र पशु चौपायामा हुने क्षतिको जोखिम न्यूनीकरण गरी युवाहरूको कृषि तथा पशुपालनमा आकर्षण बढाउन कृषि पशुपन्छी तथा जडिबुटी बिमा कार्यक्रम प्रभावकारी बनाउन आवश्यक व्यवस्था मिलाएको छु।

५०. कृषि उत्पादनको बजार र मूल्यसम्बन्धी सूचना समयमै प्रवाह गर्न तथा कृषि बजारमा बिचौलिया हटाइ कृषि उपजको बजार र मूल्य सुनिश्चित गर्न डिजिटल कृषि बजार सूचना सेवा सञ्चालन गरिनेछ।

५१. कृषि पेशाप्रति युवाको आकर्षण बढाउन विभिन्न प्रोत्साहन तथा सेवा सुविधा उपलब्ध गराउनुको अलवा कृषक सम्मान अभियान समेत सञ्चालन गरिनेछ। सरकार, किसान तथा व्यावसायीबिचमा करार खेतीको अवधारणालाई आत्मसात गरिनेछ।

५२. भूमिहीन सीमान्तकृत विपन्न वर्ग र भूकम्प लगायतका अन्य विपद्बाट प्रभावित जिल्लाका कृषकलाई लक्षित गरी खाद्य तथा पोषण सुरक्षा, कृषिमा आधारित उद्यमशीलता र जिविकोपार्जन सम्बन्धी विशेष कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

५३. प्रदेशको खाद्यान्न उत्पादनको प्रचुर सम्भावना रहेका क्षेत्रहरू शारदा करिडोर, भेरी करिडोर, हिमा करिडोर, तिला करिडोर, कर्णाली करिडोरलाई खाद्यान्न करिडोरको रुपमा विकास गर्न सङ्घीय सरकार, स्थानीय तह तथा विकास साझेदारसँग सहकार्य गर्ने व्यवस्था मिलाएको छु।

## भूमि व्यवस्था, गुठी र सहकारी

५४. कर्णाली प्रदेश भू-उपयोग नीति निर्माण गरी प्रदेशको जोखिम संवेदनशील भू-उपयोग गुरुयोजना तयार गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

५५. कर्णाली प्रदेशमा भएका गुठी जग्गाहरूको प्रभावकारी नियमनका लागि गुठीको संरक्षण तथा अभिलेख व्यवस्थापनलाई व्यवस्थित गरिनेछ। सङ्घीय सरकार र स्थानीय तहसँगको समन्वयमा नीति, कानुन, मापदण्ड बनाई गुठी व्यवस्थापन सम्बन्धी कार्यलाई व्यवस्थित गरिनेछ।

५६. कृषि उत्पादन, प्रशोधन तथा बजारीकरण कार्यहरू गर्न सहकारी संस्थाहरूलाई आकर्षित गरिनेछ। कृषि सम्बन्धी सहकारी संस्थाका पदाधिकारी तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न विभिन्न किसिमका तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

५७. प्रदेश सरकारको क्षेत्राधिकार अन्तर्गत रहेका सहकारी संस्थाहरूलाई सहकारीको मूल्य मान्यता, सिद्धान्त र कानुन अनुरूप सञ्चालन गराउन प्रभावकारी नियमन गरिनेछ। यस्ता संस्थाहरूमा संस्थागत सुशासन, वित्तीय अनुशासन र सुदृढ आन्तरिक नियन्त्रण प्रणाली स्थापना गरिनेछ।

५८. कर्णाली प्रदेशमा व्याप्त रहेको बहुआयामिक गरिबी न्यूनीकरणका लागि सङ्घीय सरकार, स्थानीय तह, निजी क्षेत्र, सहकारी क्षेत्र र विकास साझेदार समेतको सहयोग र सहकार्यमा गरिब लक्षित कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाएको छु।

५९. भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका लागि रू. १ अर्ब ८६ करोड विनियोजन गरेको छु।

## उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण

६०. उद्यमशील सोच र क्षमता भएका प्रतिभावान् युवाहरूलाई नयाँ उद्यम व्यवसायप्रति आकर्षण गर्न स्टार्टअप इकोसिस्टम विकासका लागि आवश्यक नीति, मापदण्ड तथा प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गरी संस्थागत गर्दै लगिने छ।

६१. **नवप्रवर्तनकारी प्रेरणा, उद्यमशीलताको जगेर्ना** भन्ने मूल नारासहित नवप्रवर्तनकारी उद्यमीलाई व्यवसाय प्रारम्भ र सबलीकरणका लागि प्रविधि सहयोग र क्षमता अभिवृद्धिका लागि उद्यमशीलता एवम् सिप विकास तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

६२. युवाको उद्यमशील सोचलाई व्यवसायमा रुपान्तरण गर्न नेपाल सरकारद्वारा स्थापना हुने बिजिनेस इन्क्यूवेसन सेन्टर सञ्चालनमा आवश्यक समन्वय र सहजीकरण गरिनेछ। युवा उद्यमीलाई व्यवसायमा आकर्षण गर्न व्यावसायिक वातावरण विकास गरिनेछ।

६३. कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान बढाउन सरकारी र निजी क्षेत्रको साझेदारीमा जडीबुटी लगायत वन पैदावारमा आधारित उद्योग स्थापना र सञ्चालन प्रवर्द्धन गरिनेछ। स्थानीय कच्चा पदार्थमा आधारित भौगोलिक पहिचानसँग जोडिने र नवप्रवर्तनकारी उद्यमीलाई प्रोत्साहन गरिनेछ। यस्ता उत्पादनको विकास र विस्तारका लागि सम्भाव्यता र उपलब्धताका आधारमा वस्तु विकास प्रशिक्षण कक्ष सञ्चालनमा ल्याइनेछ।

६४. **सिपसँग सहयोग कार्यक्रम** सञ्चालन गरी उद्यमशीलता विकास, रोजगारमूलक तालिम र प्रविधि हस्तान्तरणमार्फत उद्यमीहरूलाई उत्प्रेरित एवम् क्षमतावान बनाउन आवश्यक रकम विनियोजन गरेको छु। दलित समुदायको उत्थान तथा सशक्तीकरणको लागि दलित आयआर्जन तथा सिप विकासको लागि रू. ५ करोड विनियोजन गरेको छु।

६५. कर्णाली प्रदेशभित्रका विषयगत मन्त्रालयले सञ्चालन गर्ने सिप विकास तालिम, उत्पादन प्रोत्साहन, प्रशोधन केन्द्र स्थापना र बजारीकरण, स्टार्टअप बिजनेस लगायतका उत्पादन र रोजगारीसँग सम्बन्धित कार्यक्रमहरू प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

६६. प्रदेश सरकारका निकायबाट हुने खरिदमा प्रदेशमै उत्पादित वस्तु तथा सेवाको खरिद गर्न प्रोत्साहन गरिनेछ। रैथाने उत्पादनको बजारीकरणको लागि कार्यविधि बनाइ कोसेली घर सञ्चालनमा ल्याइनेछ।

६७. स्थानीयस्तरमै उद्यमीहरूलाई प्रोत्साहन र हौसला प्रदान गर्न स्थानीय कच्चा पदार्थमा आधारित उद्यम सञ्चालन गर्न टेवा पुऱ्याउने उद्देश्यले प्रशोधन केन्द्र स्थापनाका लागि आवश्यक सहयोग गरिनेछ। स्थानीय उद्यमीहरूको परम्परागत ज्ञान, सिप र क्षमता अभिवृद्धिका लागि प्रत्येक जिल्लामा सिप प्रतियोगिता सञ्चालन गरिनेछ।

६८. उपभोक्ताको हक हितको प्रत्याभूति दिलाउन सङ्घ, स्थानीय तह तथा अन्य सरोकारवाला निकायको सहकार्यमा बजारमा उपलब्ध हुने वस्तु तथा सेवाको गुणस्तर परीक्षण तथा बजार अनुगमन प्रणालीलाई सुदृढ बनाइने छ।

**पर्यटन प्रवर्द्धन तथा विकास**

६९. कर्णाली प्रदेशका पर्यटकीय स्थलको संरक्षण र सम्वर्द्धन गर्न पर्यटन गुरुयोजना क्रमशः कार्यान्वयन गर्दै लगिने छ। स्थानीय तह र निजी क्षेत्र समेतको सहकार्यमा साहसिक पर्यटन प्रवर्द्धनका लागि आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न प्रचार-प्रसार लगायतका प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

७०. निजी क्षेत्र समेतको सहभागितामा सुर्खेत उपत्यकाको उत्तरी क्षेत्रमा रहेका कटकुवा, लादे, गोठीकाँडा तथा सिद्धपाईला क्षेत्रलाई हिलस्टेशनको रुपमा विकास गर्दै लगिनेछ। सो आसपासको क्षेत्रलाई हाइकिङ्ग तथा पदमार्गको रुपमा प्रवर्द्धन गरिनेछ।

७१. ऐतिहासिक, धार्मिक, सांस्कृतिक महत्त्वका पर्यटकीय स्थलको पहिचान, संरक्षण तथा पुनर्निर्माण गरिनेछ। ऐतिहासिक युद्धस्थल कालीकोटको पिली र रुकुमको खारामा युद्ध सङ्ग्रहालय निर्माण कार्यको निरन्तरताका लागि आवश्यक रकम विनियोजन गरेको छु।

७२. कर्णाली प्रदेश कै प्रमुख आकर्षक पर्यटकीय गन्तव्य स्थलका रुपमा रहेका मुगुको रारा ताल, सुर्खेतको काँक्रेविहार, बुलबुले उद्यान तथा चौघान पार्क र रुकुम पश्चिमको स्यार्पु तालको संरक्षण र विकासका लागि बनेका गुरुयोजना कार्यान्वयन गर्न रू. १४ करोड विनियोजन गरेको छु।

७३. सुर्खेतको बुलबुलेदेखि निकास खोलासम्मको जलविहार सहितको बहुउद्देश्यीय परियोजना विकासको लागि सम्भाव्यता अध्ययन गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

७४. सङ्घीय सरकारसँगको सहकार्यमा सुर्खेत विमानस्थल विस्तार तथा स्तरोन्नति गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

**वन, वातावरण तथा जलाधार व्यवस्थापन**

७५. **स्वच्छ, सफा र हरियाली सहरः कर्णालीको मानक वीरेन्द्रनगर** भन्ने सोचका साथ सङ्घीय सरकार, स्थानीय तह, निजी क्षेत्र, नागरिक समाज र आमनागरिक समेतको सहयोग र सहभागितामा वीरेन्द्रनगर नगरपालिकाको मुख्य सहरी क्षेत्र तथा नदी किनारामा सहरी हरियाली प्रवर्द्धन गर्न प्रदेश राजधानी हरियाली कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

७६. **दिगो वन, समृद्ध जीवन** भन्ने सोचको कार्यान्वयन गर्न वन पैदावारको सहज र सरल आपूर्ति तथा राजस्व सङ्कलनमा अभिवृद्धि गर्न दिगो वन विकास तथा व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।

७७. जलवायु परिवर्तनका नकारात्मक प्रभावहरूको न्यूनीकरण गर्न लेक तथा पाटन संरक्षण रणनीति कार्यान्वयन गरी अनुकुलनका उपायहरू अवलम्बन गरिनेछ। जलवायु परिवर्तनसम्बन्धी राष्ट्रिय नीतिको कार्यान्वयन गरिनेछ।

७८. वृक्षारोपण योजनाको आधारमा बहुउपयोगी र मूल्यवान् प्रजातिका बहुवर्षीय गुणस्तरीय बिरुवा उत्पादन, वितरण तथा वृक्षरोपण कार्यलाई निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

७९. सम्भाव्य वन डढेलो नियन्त्रण गरी मानव, बोटबिरुवा र जिवजन्तुको संरक्षण गर्न आवश्यक संयन्त्रको व्यवस्था मिलाईनेछ। यस कार्यमा तीनै तहका सरकार, सुरक्षा निकाय, स्वयंसेवी संस्था, निजी क्षेत्र तथा आमनागरिकको साथ र सहयोग रहने अपेक्षा लिएको छु।

८०. मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि वन क्षेत्रमा वन्यजन्तुको आहारा बढावा दिने प्रजातिका बिरुवाहरूको वृक्षरोपण साथै कोरिडोर र कनेक्टिभिटि संरक्षण र

विस्तार गरिनेछ। घाइते, टुहरा भएका वन्यजन्तुहरूको सुरक्षा, हेरचाह तथा उद्धार गरि पुनः प्राकृतिक बासस्थानमा फर्काउन वन्यजन्तु उद्धार केन्द्र स्थापना गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

८१. जलाधार क्षेत्रको दिगो विकासका लागि एकीकृत जलाधार व्यवस्थापन पद्धतिलाई अङ्गिकार गर्दै तल्लो तथा माथिल्लो तटीय क्षेत्रको सम्बन्ध स्थापित गर्ने गरी भू-क्षय नियन्त्रण, जमिनको उत्पादकत्व वृद्धि र पानी स्रोतहरूको दिगो व्यवस्थापनका लागि प्राकृतिक जल पुनर्भरण पोखरीमार्फत बहुआयामिक उपयोग, वातावरण संरक्षण, पारिस्थिकीय प्रणाली तथा जैविक विविधतालाई बढावा दिने कार्यक्रम कार्यान्वयन गरिनेछ।

८२. कर्णाली प्रदेशलाई जडीबुटीको हबको रूपमा विकास गरी कर्णाली प्रदेशमा प्रचुर मात्रामा पाइने विभिन्न प्रकारका जडीबुटीहरूको पहिचान, सङ्कलन, भण्डारण, प्रशोधन र बजारीकरणबाट हरित रोजगारी तथा समुदायको आयआर्जन अभिवृद्धि गरिनेछ। उच्च मूल्ययुक्त जडीबुटीको व्यावसायिक खेती प्रवर्द्धनमा जोड दिइनेछ। यस पेसामा आश्रित स्थानीय तथा व्यवसायीहरूको उद्यमशीलता विकासको लागि आवश्यक प्रबन्ध मिलाइनेछ।

८३. उद्योग, पर्यटन, वन तथा वातावरणतर्फ रू. १ अर्ब ९४ करोड विनियोजन गरेको छु।

## भौतिक पूर्वाधार तथा शहरी विकास

८४. कर्णाली प्रदेशमा सुरक्षित, गुणस्तरीय र भरपर्दो सडक पूर्वाधार विकासका लागि पहिचान भएका प्रदेश लोकमार्ग तथा अन्य मार्गहरूको प्राथमिकीकरण सहित प्रादेशिक सडक गुरुयोजना तयार गरिनेछ। गुरुयोजना अनुसार सडकहरूको प्राथमिकताका आधारमा योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

८५. अन्तरप्रदेश जोड्ने सडकलाई प्राथमिकतामा राखी निर्माण कार्य अगाडी बढाइनेछ। यस अन्तर्गतका मुलपानी-रानीघाट-तेलपानी-भुरीगाउँ सडक, कालीकोट–लालु–लैफु–कोटवाडा-राष्कोट-रामारोशन सडक, रारा-सेरी-सुकाढिक-धुराचौर-बाजुरा सडक र सल्यान खलङ्गा-कालिमाटी-घुईयावारी-काप्रेचौर-खर्कवार-कोहलपुर सडक निर्माण तथा स्तरोन्नति गरिनेछ। अन्तर प्रदेश सडक निर्माणमा रू. ३९ करोड बजेट विनियोजन गरेको छु।

८६. विश्व बैङ्कको सहयोगमा सञ्चालन हुने प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना अन्तर्गत प्रादेशिक सडक सञ्जालको स्तरोन्नति कार्यका लागि प्रथम चरणको रूपमा डुङ्गेश्वर-डाँडापराजुल सडक डुङ्गेश्वर दैलेख र गल्फागाड-थाडाँकटे अदानचुली हुम्ला सडक स्तरोन्नतिका लागि रू. ६० करोड विनियोजन गरेको छु।

८७. कर्णाली प्रदेशभित्रका हालसम्म पनि सडक सञ्जालसँग जोडिन बाँकी रहेका स्थानीय तहहरूको केन्द्र जोड्ने सडक निर्माण कार्यलाई उच्च प्राथमिकतामा राखी आवश्यक बजेट विनियोजन गरेको छु। प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना अन्तर्गत कालीकोटको महावै गाउँपालिका र डोल्पाको छार्काताङसेङ् गाउँपालिका केन्द्रलाई सडक सञ्जालसँग जोड्ने सडक निर्माणको लागि रू.१२ करोड विनियोजन गरेको छु।

८८. एसियाली विकास बैङ्कको सहयोगमा सञ्चालित ग्रामीण सडक सञ्जाल आयोजना अन्तर्गत खरिद प्रकृया सम्पन्न भइ निर्माण कार्य सुरू हुन लागेका मोर्क–चङ्खिला–बडावन–सानाखोला सडक जाजरकोट, दशरथपुर–डाँडागाउँ–जितेजुवा–ढाडखेत–मटेला-धरमपोखरा सडक सुर्खेत, चौरजहारी–नार्जी–खोलागाँउ–चौथा–बैरागीठाँटी–मुसिकोट सल्ले सडक निर्माणका लागि रू. १ अर्ब ३ करोड बजेट विनियोजन गरेको छु।

८९. स्थानीय तहको केन्द्रदेखि मौजुदा मुख्य सडक सञ्जाल वा जिल्ला सदरमुकाम जोड्ने सडक निर्माणलाई उच्च प्राथमिकता दिइ बजेट विनियोजन गरेको छु। बालुवासंग्रही–कुपिण्डे–खलङ्गा सडक र चिसापानी-राडी-नदुवा-मुसिकोट सडक निर्माणको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

९०. रुकुम पश्चिम जिल्लाका दुर्गम क्षेत्रका बाँफिकोट र आठबीसकोट पालिकालाई सडक सञ्जालले जोड्न राडी-दाजे-खदि-बारङ्गे सडक निर्माण तथा भेडाखेत-पुरानागाउँ-स्याला-आलिगैरा-डारुगाउँ सडक स्तरोन्नतिको लागि रू. १२ करोड विनियोजन गरेको छु।

९१. प्रदेश रणनीतिक महत्वको रूपमा रहेका बड्डीचौर–बिम्रेनी–बाबियाचौर– विद्यापुर सडक, माथिल्लो डुङ्गेश्वर–दुल्लु–ब्याउली–कालीकोट सडक, घाटगाउँ-गुटु-साल्म-कोरालावास-कुल्लीमोर सडक, हुड्के-व्यूरेनी-माझघाट-चेपाङ-जामु सडक र

थारमारे-वडागाउँ-चौरजहारी सडक निर्माणका लागि रू. ८८ करोड ७० लाख बजेट विनियोजन गरेको छु।

९२. खार्पुनाथ-टापुलेख सडक, त्रिवेणी-नर्कु-सर्मी-भालुलेक-जुम्ला सडक, जुम्ला-दानसाँघु-चोत्र-काइगाउँ-डोल्पा सडक, देवस्थल-कैनकाँडा-चौरजहारी-डोल्पा सडक, धरमपोखरा-अवलचिङ-रानिवास-जितेजुवा-रहकुल-वादासाल सडक, थारमारे-बडागाउँ-चौरजहारी सडकको संरचना निर्माण तथा स्तरोन्नति गर्ने कार्यलाई प्राथमिकता दिइने छ।

९३. आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्न सुर्खेत जिल्लाको मुख्य पर्यटकीय केन्द्रको रूपमा रहेको गोठिकाँडा क्षेत्रको यातायात पहुँचलाई सुधार गर्न छेडा-गढी-लेखगाउँ-श्रीचौर-कल्यानकाँध सडक निर्माण कार्यको लागि रू. ३ करोड विनियोजन गरेको छु।

९४. अन्तर जिल्ला सदरमुकाम जोड्ने सडक निर्माण कार्यलाई उच्च प्राथमिकतामा राखेको छु। त्रिपुराकोट-छल हुँदै मौरेलेक सम्मको सडक निर्माणको लागि रू. ६ करोड ५० लाख बजेट विनियोजन गरेको छु। जुम्ला-गच्छेसाँगु-जलजला-गोठिज्यूला सडक निर्माणलाई बहुवर्षीय आयोजनाको रूपमा निरन्तरता दिएको छु।

९५. सडक सञ्जाललाई सबै नागरिकको सहज पहुँच पु¥याउन स्थानीय तहको केन्द्रदेखि वडा केन्द्रसम्म जोड्ने सडक निर्माणको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

९६. राष्ट्रिय गौरव र कर्णाली प्रदेशको रणनीतिक महत्वको रुपमा रहेको कर्णाली राजमार्गको स्तरोन्नती तथा कर्णाली र भेरी कोरिडोर सडक आयोजनालाई तदारुकताका साथ कार्यान्वयन गर्न सङ्घ सरकारसँग आवश्यक समन्वय गरिनेछ।

९७. कर्णाली प्रदेशमा हुन गइरहेको दशौं राष्ट्रिय खेलकुद प्रतियोगितालाई मध्यनजर गरी रङ्गशाला आसपासका सडकहरू कालोपत्रे गर्ने कार्यका लागि आवश्यक रकम विनियोजन गरेको छु।

९८. वर्षेनी वर्षातको समयमा डुबानबाट समस्याग्रस्त सुर्खेत विमानस्थल वरपरका क्षेत्रको डुबान समस्या समाधान गर्न बहुवर्षीय आयोजनाको रूपमा कार्यान्वयन हुने गरी सुर्खेत विमानस्थल ढल व्यवस्थापन र सडक स्तरोन्नतिका लागि रू. ४ करोड ५० लाख विनियोजन गरेको छु।

९९. पूर्वाधार निर्माण कार्यको गुणस्तर अभिवृद्धि गर्न प्रदेश राजधानी वीरेन्द्रनगरमा पूर्वाधार विकास निर्देशनालय अन्तर्गत रहने गरी सुविधा सम्पन्न गुणस्तर परीक्षण प्रयोगशाला निर्माण कार्य सम्पन्न भएको छ। अन्य पूर्वाधार विकास कार्यालयहरूमा पनि गुणस्तर परीक्षण प्रयोगशालाको स्थापना गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१००. बहुवर्षीय तथा स्रोत सुनिश्चितता भइ कार्यान्वयनमा रहेका तथा दायित्व सृजना भएका आयोजनाहरू तोकिएको समयभित्र सम्पन्न गर्न प्राथमिकताका साथ आवश्यक बजेट विनियोजन गरेको छु।

१०१. कार्यान्वयन भइरहेका प्रदेशस्तरीय सडकहरूमा आवश्यकता अनुसार सडक पुल निर्माणलाई प्राथमिकता दिइनेछ। सडक पुल निर्माणको लागि रू. ६८ करोड ९७ लाख विनियोजन गरेको छु। सडक पुल निर्माण गर्न अति आवश्यक स्थानहरूका लागि सम्भाव्यता अध्ययन गरी क्रमशः कार्यान्वयनमा जोड दिइने छ।

१०२. प्रदेश राजधानी वीरेन्द्रनगर लगायतका शहरहरूका सडकहरूमा सडक सुरक्षाको लागि आवश्यक सडक सङ्केत, मुख्य-मुख्य चोकहरूमा ट्राफिक सङ्केत राख्न आवश्यक रकम विनियोजन गरेको छु।

१०३. भौगोलिक रूपले विकट र दुर्गम स्थानहरूका जनताको सेवा पहुँचमा सहजता एवम् सुधार गर्न झोलुङ्गे पुलको महत्वपूर्ण भूमिका रहेको सन्दर्भलाई मध्यनजर गर्दै सङ्घ र स्थानीय तहसँगको सहकार्य गरी आधा घण्टाको हिँडाई दुरी भित्र पहुँच सुविधा पुऱ्याउने गरी झोलुङ्गे पुल निर्माण कार्यलाई तीव्र गतिमा अगाडि बढाउन रू. २० करोड ५० लाख बजेट विनियोजन गरेको छु। आगामी आर्थिक वर्षमा ९० वटा थप झोलुङ्गे पुल निर्माण गरिनेछ। साथै प्रदेशभित्र क्षतिग्रस्त रूपमा रहेका झोलुङ्गे पुलहरूको पहिचान गरी मर्मत सम्भार कार्य गर्नको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

१०४. सुर्खेत र रुकुम पश्चिम जिल्लामा सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षा सञ्चालनका लागि ट्रायल सेन्टर निर्माण गर्न तथा जुम्ला जिल्लामा रहेको ट्रायल सेन्टर मर्मत गर्न आवश्यक बजेट विनियोजन गरेको छु। प्रदेशमा नै सवारी चालक अनुमतिपत्र छपाई तथा वितरणको लागि आवश्यक रकम विनियोजन गरेको छु।

१०५. निर्माण सम्पन्न भएका पूर्वाधारहरूबाट उपलब्ध भइरहेको सेवा र सुविधाको स्तर खस्किनबाट जोगाउन र निर्मित संरचनाको संरक्षण गर्न नियमित तथा आकस्मिक मर्मत सम्भारको लागि पर्याप्त बजेट विनियोजन गरेको छु।

१०६. भुकम्पबाट प्रभावित जिल्लाका स्थानीय तहहरूमा हेल्भेटास नेपालको सहकार्यमा सञ्चालन भइरहेको सिप तथा पुनर्निर्माण परियोजनालाई निरन्तरता दिएको छु। भुकम्प प्रतिरोधी आवास निर्माणका लागि दक्ष कामदार तयार गर्न आवश्यक भुकम्प प्रतिरोधी घर निर्माण सम्बन्धी तालिमलाई प्रदेशका अन्य जिल्लाहरूमा पनि क्रमशः सञ्चालन गरिनेछ। भुकम्प प्रभावित जिल्लाहरू जाजरकोट र रुकुम पश्चिमका सरकारी भवनहरूको मर्मत सम्भार कार्यको लागि बजेट विनियोजन गरेको छु।

१०७. छरिएर रहेको एवम् जोखिमयुक्त बस्तीलाई मध्यनजर गरी एकीकृत बस्ती विकास कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट व्यवस्था गरेको छु। सङ्घ तथा प्रदेश सरकारको सह-लगानीमा मानसरोवर तथा कैलाश प्रवेशद्वारको रूपमा हुम्लाको सदरमुकाम सिमकोटलाई विकास गरी पर्यटन प्रवर्द्धन गर्न खार्पु-सिमकोट (मानसरोवर प्रवेशद्वार) नमुना एकीकृत पूर्वाधार विकास कार्यक्रम सिमकोट हुम्ला र डोल्पाको शे-फोक्सुण्डो ताल किनारमा रहेको प्राचीन बस्ती रिङ्मोलाई बौद्ध कला र संस्कृतिको अनुपम बस्तीको रूपमा रूपान्तरण गरी प्राकृतिक तथा धार्मिक पर्यटन केन्द्रको रूपमा विकास गर्न रिङ्मो बस्ती विकास कार्यक्रमको लागि रू. ४६ करोड विनियोजन गरेको छु।

१०८. कर्णाली प्रदेशभित्रका विपन्न बादी, गाइने, राउटे, बोटे, राजी, दलित, मुसलमान तथा लोपोन्मुख र अति सीमान्तकृत जाती वा समुदाय एवम् अन्य जाती वा समुदायका विपन्न वर्गलाई आवासको व्यवस्था गर्न विपन्नको घर कार्यक्रमलाई निरन्तरताको लागि आवश्यक रकम विनियोजन गरेको छु।

१०९. सङ्घीय सरकारको सहकार्यमा दलित, विपन्न र सीमान्तकृत तथा अल्पसंख्यक समुदायको आवास निर्माणमा सहयोग गर्न सञ्चालित जनता आवास कार्यक्रमलाई निरन्तरता दिएको छु।

११०. प्रदेश राजधानी पूर्वाधार विकास कार्यक्रम अन्तर्गत वीरेन्द्रनगर सुर्खेतलाई स्वच्छ सुन्दर र व्यवस्थित शहरको रुपमा विकास गर्दै लगिनेछ। प्रदेश सरकारका मन्त्रालयहरूलाई एकीकृत स्थानमा स्थानान्तरण गर्न प्रदेश महत्वको आयोजनाको रूपमा एकीकृत प्रशासनिक भवन तथा परिसर निर्माणका लागि रू. ३० करोड विनियोजन गरेको छु।

१११. सार्वजनिक भौतिक संरचना सुरक्षित, व्यवस्थित, वातावरणमैत्री बनाइनेछ। अपाङ्गता भएका व्यक्तिमैत्री भवन निर्माणका साथै भवनसँग सम्बन्धित कानुन तथा भवन संहिता निर्माण गरी कार्यान्वयन गर्नको लागि आवश्यक व्यवस्था मिलाएको छु।

११२. छरिएर रहेको एवम् जोखिमयुक्त बस्तीलाई मध्यनजर गरी एकीकृत तथा सुरक्षित बस्ती विकास कार्यक्रमलाई निरन्तरता दिन आवश्यक रकम विनियोजन गरेको छु।

११३. गत वर्ष कार्तिक महिनामा जाजरकोटको रामिडाँडा केन्द्रविन्दु भएर गएको भूकम्पबाट प्रभावित जाजरकोट, रुकुम पश्चिम लगायतका जिल्लाका क्षतिग्रस्त स्वास्थ्य तथा शिक्षण संस्था लगायतका पूर्वाधार संरचनाहरूको पुनर्निर्माणका लागि एकमुष्ट रू. ५० करोड रकम विनियोजन गरेको छु। ब्यूल्ड ब्याक बेटर (बिबिबि) को मूल मान्यतामा रही यस्ता भवन संरचनाहरू निर्माण गरिनेछ। यसका लागि भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले सम्वत् २०८१ साल भदौ महिनाभित्रै स्पष्ट कार्ययोजना तथा कार्यविधि निर्माण गरी दोस्रो त्रैमासदेखि निर्माण कार्य प्रारम्भ गरिनेछ।

११४. भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयतर्फ जम्मा रू. १० अर्ब ४६ करोड विनियोजन गरेको छु।

**स्वास्थ्य सेवा र स्वास्थ्य पूर्वाधारः स्वस्थ र दीर्घजीवनको आधार**

११५. प्रदेश अस्पताल सुर्खेतबाट प्रदान गरिने विशेषज्ञ स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउन जनशक्ति, भौतिक पूर्वाधार, औषधी र उपकरणको सुनिश्चितता गरिनेछ। यस अस्पताललाई प्रेषण तथा शिक्षण अस्पतालको रूपमा विकास गर्न अध्ययन पश्चात आवश्यक कानुनी व्यवस्था गरिनेछ। अस्पतालको पूर्वाधार विकास तथा सुधारको लागि रू. ५० करोड विनियोजन गरेको छु।

११६. स्वास्थ्य सेवालाई सर्वसुलभ, पहुँचयोग्य र प्रभावकारी बनाउन सल्यान, रूकुम पश्चिम, हुम्ला र दैलेख जिल्लाका जिल्ला अस्पतालहरूको भौतिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिएको छु। यसको लागि रू. २५ करोड ५० लाख विनियोजन गरेको छु।

११७. सङ्घीय सरकारसँगको सहकार्यमा प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र र मेहलकुना अस्पतालको भौतिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

११८. रणनीतिक तथा आधारभूत अस्पतालहरूको स्वास्थ्य पूर्वाधार तथा स्वास्थ्य सेवा सुदृढीकरण गरिनेछ। आधारभूत स्वास्थ्यमा सबै नागरिकको पहुँच तथा बिरामीको उपचार खर्चमा सहुलियत दिन अपाङ्ग तथा असहाय नागरिकको स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिने व्यवस्था मिलाएको छु।

११९. प्रदेशका सबै जिल्लामा नियमित रूपमा आधारभूत औषधी, गुणस्तरीय स्वास्थ्य सामग्री र उपकरणको आपूर्ति व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ। यसका लागि रू. ७ करोड रकम विनियोजन गरेको छु।

१२०. कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानसँगको साझेदारीमा उक्त प्रतिष्ठानमा ब्लड बैङ्क स्थापना गरिनेछ। मुटु, मृगौला प्रत्यारोपण, क्यान्सर, स्पाइनल इन्जुरी (प्यारालाइसिस) का बिरामीहरूलाई मेजर अपरेसन गर्दा उपचार खर्च प्रदान गर्ने व्यवस्था मिलाएको छु। यी दुबै कार्यक्रमका लागि एक/एक करोडका दरले रकम विनियोजन गरेको छु।

१२१. इ-हेल्थ सेवा, टेलिमेडिसिन, विशेषज्ञ सेवा, अस्पताल एवम् प्रयोगशाला सुदृढीकरण र निरन्तरताका लागि रू. ७ करोड विनियोजन गरेको छु।

१२२. स्वास्थ्य सेवाको अभिलेख तथा प्रतिवेदन प्रणालीलाई व्यवस्थित, तथ्यपरक र समयबद्ध गर्न विद्युतीय स्वास्थ्य सूचना अभिलेख प्रतिवेदन प्रणालीको सुदृढीकरण कार्यलाई निरन्तरता दिएको छु।

१२३. सम्भावित महामारी तथा आकस्मिक स्वास्थ्य समस्यालाई तत्काल सम्बोधन गर्न महामारी तथा आकस्मिक स्वास्थ्य व्यवस्थापनका लागि आवश्यक रकम विनियोजन गरेको छु।

१२४. सार्वजनिक स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलालाई पोषणको लागि प्रदेशका "क" वर्गका स्थानका लागि रू. २ हजार ५ सय र "ख" वर्गको स्थानका लागि रू. २ हजार सुत्केरी पोषण भत्ता उपलब्ध गराउन आवश्यक रकम विनियोजन गरेको छु।

१२५. कर्णाली प्रदेश सरकारले विगतदेखि सञ्चालनमा ल्याएको प्रति महिला स्वास्थ्य स्वयंसेविकालाई रू. १० हजार प्रोत्साहन भत्ता दिने व्यवस्थालाई निरन्तरता दिएको छु। यस्तो प्रोत्साहन भत्तालाई स्वयंसेविकाबाट प्रदत्त सेवासँग प्रविधिमार्फत आवद्ध गर्ने र यसबाट महिला स्वास्थ्य स्वयंसेविकाहरू आफ्नो जिम्मेवारीप्रति थप उत्तरदायी भइ स्वास्थ्य सेवा प्रभावकारी हुने अपेक्षा लिएको छु।

१२६. दुर्गम ग्रामीण क्षेत्रका स्थानीय बासिन्दालाई नजिकको स्थानबाट न्यूनतम् आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न स्थानीय तहसँगको सहकार्यमा सामुदायिक स्वास्थ्य इकाईहरूको सञ्चालनलाई निरन्तरता दिएको छु।

१२७. प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रको सुदृढीकरण गरी कर्णालीका जडीबुटी प्रयोग गरी आयुर्वेद औषधीको उत्पादन शुरू गरिनेछ। जिल्लामा रहेका आयुर्वेद स्वास्थ्य केन्द्रहरूको समेत सुदृढीकरण गरी आयुर्वेद उपचार पद्धतिलाई प्रोत्साहन गरिनेछ। नागरिक आरोग्य केन्द्रहरूको प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन हुने गरी बजेटको प्रबन्ध गरेको छु।

१२८. नागरिक स्वास्थ्य परीक्षण कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै कर्णाली स्वस्थ नागरिक विशेष अभियान अन्तर्गत प्रदेश सरकार, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, स्थानीय तह र सरोकारवाला संस्थाहरू समेतको सहयोग एवम्

साझेदारीमा नागरिकको घरदैलोमा स्वास्थ्य परीक्षण गरी स्वास्थ्य सेवा पुऱ्याउन विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिनेछ। यसका लागि रू. ८ करोड विनियोजन गरेको छु।

१२९. सुरक्षित मातृत्व, पोषण, रोग नियन्त्रण र उपचारात्मक सेवा सुदृढीकरणमा विशेष प्राथमिकता दिइनेछ। अस्पतालमा कार्यरत चिकित्सक लगायतका स्वास्थ्यकर्मीको क्षमता विकास गर्न तालिम, प्रशिक्षण जस्ता कार्यक्रमहरू सञ्चालनलाई निरन्तरता दिइनेछ।

१३०. सङ्घीय सरकार, स्थानीय तह तथा विकास साझेदार समेतको सहकार्यमा मानसिक रोग लगायत अन्य नसर्ने रोगको नियन्त्रणका लागि प्रतिरोधात्मक, उपचारात्मक र प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ।

१३१. मातृ मृत्यु, बाल मृत्यु, शिशु मृत्यु, नवजात मृत्युदरलाई न्यूनीकरण गर्न सचेतना, परामर्श, सामाजिक व्यवहार परिवर्तन, पोषण, खोप, उपचार सेवालाई सशक्त बनाइनेछ। यस सम्बन्धी सूचना व्यवस्थापन एवम् निगरानी प्रणालीको थप सुदृढीकरण गरिनेछ।

१३२. पोषण सेवा केन्द्रको सुदृढीकरणमा ध्यान दिईनेछ। कर्णाली प्रदेशमा पोषणको क्षेत्रमा काम गर्ने विकास साझेदार संस्था एवम् सरोकावालासँग समन्वय तथा सहकार्य गरी पोषणसम्बन्धी विभिन्न कार्यक्रमहरूलाई सामञ्जस्यता कायम गरिनेछ।

**शिक्षा**

**कर्णाली प्रदेशको इच्छाः गरिखाने शिक्षा**

१३३. सामुदायिक विद्यालयको पठन-पाठनलाई सहज बनाई गुणस्तरीय शिक्षा सुनिश्चितताका लागि विद्यालयको भौतिक पूर्वाधार विकास तथा शैक्षिकस्तर सुधार गर्ने कार्यलाई प्राथमिकतामा राखेको छु। आगामी आर्थिक वर्षमा ३७० वटा विद्यालयको भौतिक पूर्वाधारको सुधार तथा विकासमा सहयोग गरिनेछ। यसका लागि रू. १ अर्ब १० करोड विनियोजन गरेको छु।

१३४. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइको सुविधा विस्तार गर्न मुख्यमन्त्री डिजिटल शिक्षा सिकाइ कार्यक्रमका लागि रू. १० करोड रकम विनियोजन गरेको छु।

१३५. हिमाली क्षेत्रका जिल्लाहरूमा निर्माणाधीन आवासीय विद्यालयहरूको पूर्वाधार विकास कार्यलाई निरन्तरता दिईनेछ। यसका लागि स्थानीय तहसँगको साझेदारीमा निर्माण कार्य सम्पन्न गर्न रू. २ करोड ५० लाख विनियोजन गरेको छु।

१३६. कर्णाली प्रदेशलाई पूर्ण साक्षर प्रदेश घोषणा गर्न सङ्घ र स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ। कक्षाकोठा शिक्षण सिकाइलाई प्रभावकारी बनाउन शिक्षकको पेसागत विकास सम्बन्धी तालिम तथा क्षमता विकासका क्रियाकलाप सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

१३७. प्रदेशभित्र दक्ष र प्राविधिक जनशक्ति उत्पादन गर्न तथा सबैलाई शिक्षाको अवसर दिलाउन प्राविधिक शिक्षामा छोरीबुहारी, दलित, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख सीमान्तकृत समूहलाई छात्रवृत्ति प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु।

१३८. प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास तथा प्रवर्द्धन गर्न आवश्यक व्यवस्था मिलाएको छु। प्रदेशकै अग्रणी एवम् उत्कृष्ट शिक्षालयको रुपमा रहेको कर्णाली प्राविधिक शिक्षालय जुम्लाको पूर्वाधार सुधारको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१३९. विद्यार्थी-शिक्षक अनुपात उच्च रहेका सामुदायिक विद्यालयका लागि अङ्ग्रेजी, गणित तथा विज्ञान विषयका शिक्षक व्यवस्थापन गर्नका लागि एकमुष्ट अनुदान सहयोग उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाएको छु। विद्यार्थीलाई जीवन उपयोगी ज्ञान र सिप सिकाउन विद्यालयमा अतिरिक्त क्रियाकलापको रुपमा हप्तामा एक दिन किताब रहित शुक्रबार कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु।

१४०. रामघाटमा रहेको मध्यपश्चिम विश्वविद्यालय अन्तर्गतको कृषि विज्ञान क्याम्पस, त्रिभुवन विश्वविद्यालय अन्तर्गतको सुर्खेत बहुमुखी क्याम्पस लगायत अन्य

सामुदायिक क्याम्पसहरूको पूर्वाधार विकास तथा सुधारका लागि रू. ४ करोड ३५ लाख रकम विनियोजन गरेको छु।

**सामाजिक विकासः**

कर्णालीवासीको आवाजः सभ्य र सुसंस्कृत समाज

१४१. बालमैत्री, छाउपडीमुक्त, छुवाछुतमुक्त, बालविवाहमुक्त पालिका घोषणा गर्न स्थानीय तहलाई प्रोत्साहन गर्न आवश्यक व्यवस्था मिलाएको छु। दलित, पछाडि परेका वर्ग, लोपोन्मुख तथा सीमान्तकृत वर्ग र समुदायलाई सशक्तीकरण गर्न अनौपचारिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गरी जीविकोपार्जन र आय आर्जन कार्यक्रमको निरन्तरताको लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

१४२. सीमान्तकृत समुदाय एवम् जोखिममा रहेका बालबालिकाको संरक्षण तथा शैक्षिक विकास सहयोग लगायत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि आवश्यक व्यवस्था मिलाएको छु। उद्यमी महिलाहरूलाई प्रोत्साहन गर्नका लागि **एक जिल्ला एक उद्यमी महिला** प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

१४३. कर्णालीको साझा सन्देशः बालविवाह, छाउपडी र छुवाछुतमुक्त प्रदेश भन्ने मूल मान्यताका साथ यस्ता विकृतिपूर्ण सामाजिक तथा सांस्कृतिक मान्यताको अन्त्य गर्न **प्रदेश प्रमुख सामाजिक सशक्तीकरण कार्यक्रम**लाई अभियानको रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

१४४. कर्णाली प्रदेश सहयोगापेक्षी सडक मानवमुक्त प्रदेश कार्यान्वयन गर्न मानव सेवा आश्रम लगायतका संघ-संस्थालाई सेवा सङ्ख्याका आधारमा अनुदान र प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु। मानव सेवा आश्रमको पूर्वाधार विकासका लागि रू. १ करोड विनियोजन गरेको छु। कोही र केही नभएका जेष्ठ नागरिकको सहज, सरल र सम्मानपूर्ण जीवनयापनको लागि व्यवस्थित वृद्धाआश्रम सञ्चालन सहयोगमा निरन्तरता दिएको छु।

१४५. लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकाको उद्धार, संरक्षण र पुनर्स्थापनाका लागि प्रदेशस्तरमा दीर्घकालीन पुनर्स्थापना केन्द्र स्थापना गर्न आवश्यक व्यवस्था मिलाएको छु।

१४६. जोखिममा रहेका विशेष संरक्षण तथा वैकल्पिक स्याहारको आवश्यक भएका बालबालिकाको उद्धार, संरक्षण, पालनपोषण, शिक्षा, पुनर्स्थापना र पारिवारिक सहयोग कार्यक्रम सञ्चालनमा निरन्तरता दिएको छु। आगामी आर्थिक वर्षमा सुर्खेतको वीरेन्द्रनगरमा बालसुधार गृह निर्माण कार्यको थालनी गर्न आवश्यक व्यवस्था मिलाएको छु।

**युवा तथा खेलकुदः**

१४७. प्रदेश गौरवको आयोजनाको रुपमा रहेको प्रदेश रङ्गशाला निर्माण कार्य आगामी आर्थिक वर्षभित्र सम्पन्न गरिनेछ। यस प्रदेशमा आयोजना हुने दशौं राष्ट्रिय खेलकुदलाई सफल रुपमा सम्पन्न गर्न आवश्यक पूर्वाधारको निर्माण कार्यलाई उच्च प्राथमिकतामा राखेको छु।

१४८. दशौं राष्ट्रिय खेलकुद प्रतियोगितामा कर्णाली प्रदेशबाट प्रतिनिधित्व गर्ने खेलाडीको मनोबल उच्च राख्न प्रोत्साहन र प्रशिक्षणको व्यवस्था मिलाइनेछ। खेलकुद प्रतियोगिता सञ्चालनका लागि आवश्यक रकमको व्यवस्था मिलाएको छु।

१४९. प्रदेशको विकास र समृद्धिमा युवाको सहभागिता अभिवृद्धि गरिनेछ। युवा नेतृत्व विकास, प्रतिभा पहिचान, उद्यमशीलता तथा स्वरोजगार, युवा महोत्सव, युवा खेलकुद, युवा वैज्ञानिक, स्काउट प्रोत्साहनसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

१५०. प्रदेशमा खेलकुद प्रवर्द्धन गर्न डोल्पा, जाजरकोट, सल्यान र रुकुम पश्चिमलाई पायक पर्ने स्थान चौरजहारीमा रङ्गशाला निर्माण गरिनेछ। यस कार्यको लागि रू. २० करोड विनियोजन गरेको छु।

**भाषा, कला र संस्कृतिः**

१५१. ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवम् प्राकृतिक सम्पदा तथा स्थानीय भाषा, कला, संस्कृति, साहित्य, सभ्यता र ज्ञानको संरक्षण तथा प्रवर्द्धन गरी कर्णाली प्रदेशलाई भाषा कला संस्कृतिको अनुपम प्रदेशको रुपमा विकास गर्न आवश्यक व्यवस्था गरेको छु।

१५२. कर्णालीको भाषा, साहित्य, कला तथा संस्कृतिको अध्ययन अनुसन्धान र संरक्षण गर्न कर्णाली प्रज्ञा प्रतिष्ठान सम्बन्धी ऐन तर्जुमा गरिनेछ। नेपाली भाषाको उद्गमस्थानको रुपमा रहेको जुम्ला जिल्लाको सिंजामा खस भाषा र संस्कृतिसँग सम्बन्धित विषयमा अध्ययन तथा अनुसन्धान गर्न आवश्यक बजेट विनियोजन गरेको छु। प्रदेश सङ्ग्रहालयको अभिलेखलाई अध्ययन, अनुसन्धान तथा ज्ञान निर्माण हुने गरी विकास र विस्तार गर्ने व्यवस्था मिलाएको छु।

१५३. कर्णाली प्रदेशमा बसोवास गरेका आदिवासी तथा जनजातिहरूको कला संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१५४. सामाजिक विकास मन्त्रालयको लागि जम्मा रू. ५ अर्ब ७२ करोड विनियोजन गरेको छु।

**खानेपानी तथा सरसफाईः कर्णालीवासीको रोजाई**

१५५. कर्णालीवासीको आधारभूत खानेपानी सेवामा पहुँच सुनिश्चित गरी स्वच्छ, नियमित र गुणस्तरीय खानेपानी उपलब्ध गराउनको लागि निर्माणाधीन बहुवर्षीय र क्रमागत आयोजनाहरूलाई उच्च प्राथमिकता दिइ सम्पन्न गरिनेछ। नेपाल सरकार र स्थानीय तहसँगको साझेदारीमा वीरेन्द्रनगर सुर्खेतको बृहत खानेपानी आयोजना (भेरी पम्पिङ्ग) लाई कार्यान्वयनका लागि रू. ३ करोड ५० लाख विनियोजन गरेको छु। सल्यानको शारदा बृहत खानेपानी आयोजना निर्माण सम्पन्न गर्ने व्यवस्था मिलाएको छु। यसका लागि रू. १ करोड ५० लाख विनियोजन गरेको छु।

१५६. सुरक्षित तथा स्वच्छ पिउनेपानी उपलब्ध गराउन सञ्चालित खानेपानी प्रणालीको गुणस्तर सुधार, सुदृढीकरण तथा स्तरोन्नति कार्यक्रमका लागि आवश्यक

रकमको व्यवस्था गरेको छु। सङ्घ तथा स्थानीय तहसँगको सहकार्यमा एक घर एक धारा अभियानका लागि आवश्यक रकम विनियोजन गरेको छु।

१५७. लामो समयदेखि सञ्चालनमा रहेका तर भूकम्प लगायतका विपद्का कारण अवरूद्ध भएका खानेपानी आयोजनाहरूको मर्मत सम्भार गरी नियमित सञ्चालन गर्ने र खानेपानी आपूर्तिको पहुँचभन्दा बाहिरका बस्तीहरूमा सम्भाव्यता अध्ययन गरी प्राथमिकताको आधारमा क्रमशः आयोजना कार्यान्वयन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

१५८. मुगुको सोरू गाउँपालिकाको वडा नं. १ र २ मा खाद्यान्न तथा पोषण न्यूनता पूर्तिका लागि खानेपानी तथा सिँचाइ आयोजना सञ्चालनमा निरन्तरता दिन रू. ७ करोड रकम छुट्याएको छु।

१५९. दैलेख जिल्लाको बारतडी खानेपानी तथा बहुउद्देश्यीय आयोजना र पञ्चकोशी क्षेत्र बृहत खानेपानी आयोजना तथा सल्यानको बनगाड कुपिण्डे बृहत खानेपानी आयोजना सञ्चालनका लागि रू. १३ करोड ५० लाख विनियोजन गरेको छु।

१६०. जलवायु परिवर्तनले समेत पानीको परिमाणमा असर नपर्ने स्रोतहरूको खोजी गरी सोको उपयोगमार्फत दिगो रुपमा खानेपानी व्यवस्थापन गर्दै जनताको खानेपानी तथा सरसफाईमा सहज पहुँचको संवैधानिक हक सुनिश्चितताका लागि जलवायु अनुकूलित खानेपानी आयोजना सञ्चालन गर्न रू. ६ करोड ५९ लाख विनियोजन गरेको छु।

१६१. खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रमका लागि रू. ३ करोड ७७ लाख विनियोजन गरेको छु।

१६२. खानेपानी तथा सरसफाई सम्बन्धी कार्यक्रम सञ्चालनका लागि जम्मा रू. १ अर्ब ८ करोड विनियोजन गरेको छु।

**जलस्रोत, सिँचाइ र ऊर्जाः कर्णाली विकासको पूर्जा**

१६३. सञ्चालनमा रहेका सिँचाइ आयोजनाहरूबाट नियमित सिँचाइ सुविधा उपलब्ध गराउन मर्मत सम्भार कार्यक्रममा आवश्यक रकम विनियोजन गरेको छु। साना, मझौला आयोजना पहिचान र कार्यान्वयनलाई निरन्तरता दिएको छु। आगामी

आर्थिक वर्षमा साना र मझौला सिँचाइका आयोजनाहरूको कार्यान्यनबाट थप १ हजार २ सय हेक्टर कृषियोग्य भूमिमा दिगो तथा भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराउन रू. ७९ करोड ९५ लाख रकम विनियोजन गरेको छु।

१६४. खानेपानी, सिँचाइ, पर्यावरण र पर्यटनको एकीकृत विकासका लागि चौकुने गाउँपालिकामा रहेको जुम्ल्यामूल ताल बहुउद्देश्यीय आयोजना सञ्चालन गर्न रू. १७ करोड विनियोजन गरेको छु।

१६५. **नदी माथिका गरा, बनाउँछौ हराभरा** भन्ने मूल ध्येयका साथ कर्णाली, भेरी बेसीन, शारदा लगायतका विभिन्न नदी किनारमा रहेका टारहरूमा लिफ्टिङ्ग प्रणालीको माध्यमबाट सिँचाइ सुविधा विस्तार गर्ने व्यवस्था मिलाएको छु।

१६६. जल उत्पन्न प्रकोप नियन्त्रण गरी जोखिमयुक्त बस्तीहरू संरक्षणका लागि कर्णाली प्रदेश जनता तटबन्धन लगायतका कार्यक्रम सञ्चालन गर्न रू. ३१ करोड ४४ लाख विनियोजन गरेको छु।

१६७. सङ्घीय सरकारबाट प्रदेशभित्र सञ्चालन हुने ठूला जलविद्युत् आयोजना निर्माणका लागि लगानीकर्ताको पहिचान गरी कार्यान्वयनका लागि सङ्घ सरकारसँग विशेष पहल गरिनेछ। सरकारी लगानीबाट सञ्चालन भएका जलविद्युत आयोजनाहरूमा प्रदेश सरकारबाट पनि शेयर लगानी गरिनेछ। **कर्णालीको पानी, कर्णालीवासीको लगानी** भन्ने सोचका साथ जलविद्युत आयोजनाहरूमा प्रभावित स्थानीय र प्रदेशवासी जनतालाई शेयर लगानीका लागि पहल र प्रोत्साहन गरिनेछ। स्थानीय तहको स्वामित्वमा निर्माण गरिने जलविद्युत आयोजनाहरूमा शेयर लगानी र अनुदान दिने व्यवस्था मिलाएको छु।

१६८. राष्ट्रिय विद्युत प्रसारण सञ्जाल नपुगेका प्रदेशका दुर्गम तथा भौगोलिक रुपमा विकट स्थानमा सङ्घीय सरकार र स्थानीय तहको सहकार्यमा लघु जलविद्युत, सौर्य ऊर्जा लगायतका वैकल्पिक ऊर्जा प्रवर्द्धन तथा मर्मत सम्भार कार्यलाई प्रोत्साहन गरिनेछ। ग्रामीण विद्युतीकरण कार्यक्रम लगायत विद्युत संरचना निर्माणका लागि रू. १४ करोड ६७ लाख विनियोजन गरेको छु।

१६९. जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयतर्फ जम्मा रू. २ अर्ब ८६ करोड विनियोजन गरेको छु।

**प्रादेशिक शान्ति सुव्यवस्था, कानुन र विपद् व्यवस्थापन**

१७०. मानव बेचबिखन, घरेलु हिंसा, लागू औषध, मदिरा एवम् सूर्तिजन्य पदार्थको दुर्व्यसनी जस्ता हानिकारक र विभेदको अन्त्य गर्न आवश्यक निगरानी तथा सचेतनामूलक कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ। मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्न नागरिकलाई नागरिक शिक्षा तथा चेतनाको विकास गर्न कानुनी साक्षरता कार्यक्रम सञ्चालनको व्यवस्था मिलाएको छु। बढ्दो विद्युतीय अपराध न्यूनीकरण गर्न साइवर सुरक्षा कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१७१. सङ्घीय सरकारसँगको सहकार्यमा प्रदेशभित्रका सुरक्षा निकायको भौतिक पूर्वाधारको सुदृढीकरणमा सहकार्यको व्यवस्था मिलाएको छु। मुख्य सीमा नाकामा अपराध नियन्त्रण गर्न डिजिटल गेट र प्रदेश राजधानी वीरेन्द्रनगर लगायत संवेदनशील स्थानमा सिसिटिभि लगायतका सुरक्षा प्रवन्धका लागि उपकरण जडान गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१७२. विपद् व्यवस्थापनका कार्यक्रमहरूलाई एकीकृत गरी जोखिम न्यूनीकरण तथा रोकथामका उपाय अवलम्बन गरिनेछ। विपद् व्यवस्थापनको क्षेत्रमा साहसिक तथा उदाहरणीय कार्य गर्नेलाई प्रोत्साहन तथा पुरस्कृत गर्न आवश्यक व्यवस्था मिलाएको छु। सङ्घीय सरकार समेतको सहकार्यमा विपद्को समयमा तत्काल उद्धार गर्न आवश्यक बजेट व्यवस्था गरेको छु। विपद् संवेदनशील क्षेत्रमा विपद् जोखिम नक्साङ्कन गरी सूचना प्रणाली जडान तथा निगरानी केन्द्र स्थापना तथा इन्टरनेट सेवाको वैकल्पिक व्यवस्थापन एवम् आपतकालीन सञ्चार केन्द्र स्थापनाको लागि स्याटलाइट ब्रोड ब्याण्ड व्यवस्थाको लागि आवश्यक प्रबन्ध मिलाएको छु। प्रदेश विपद् व्यवस्थापन कोषलाई निरन्तरता दिएको छु।

१७३. जोखिमयुक्त, सङ्कटग्रस्त, दुर्गम, पिछडिएका क्षेत्र तथा न्यून आय भएका नागरिकका लागि विपद् घर सुरक्षा कार्यक्रम अन्तर्गत घर बिमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु। विपद् घर सुरक्षा कार्यक्रम अन्तर्गत रू. ४ करोड ५० लाख विनियोजन गरेको छु। सम्पूर्ण कर्णालीवासी तथा यस प्रदेशमा सेवारत सबै नागरिकको सामूहिक विपद् जोखिम दुर्घटना बिमा कार्यक्रमलाई निरन्तरता दिएको छु।

१७४. जनआन्दोलन, सशस्त्र सङ्घर्ष र कर्णाली प्रदेश प्राप्ति आन्दोलनको क्रममा घाइते तथा अपाङ्गता भएका व्यक्तिको निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था तथा आन्दोलनको क्रममा घाइते तथा अपाङ्गता भएका व्यक्तिको जीवन निर्वाह भत्ता र न्यूनतम जिविकोपार्जन एवम् सम्मानका लागि सहिदका आमाबुवाको पहिलो हकाधिकार हुने गरी परिवारलाई सहिद स्मृति भत्तासम्बन्धी कार्यक्रमलाई निरन्तरताको लागि ८ करोड ५० लाख बजेट विनियोजन गरेको छु ।

१७५. स्थानीय र प्रादेशिक सञ्चार गृहको प्रवर्द्धनको लागि हाल दिइँदै आएको लोक कल्याणकारी विज्ञापनको रकममा वृद्धि गरेको छु। पत्रकार स्वास्थ्य बिमा कार्यक्रम कार्यान्वयनको व्यवस्था मिलाएको छु। विपद् तथा अन्य जोखिमका कारण क्षति हुने सञ्चार माध्यमको बिमाका लागि सञ्चार माध्यम बिमा कार्यक्रम अन्तर्गत आवश्यक बजेट विनियोजन गरेको छु। सूचना प्रविधि तथा आमसञ्चार क्षेत्रको नियमन तथा व्यवस्थापन गर्न आवश्यक विधेयक तयारी गरी यसै सम्मानित प्रदेशसभामा पेस गरिनेछ। पत्रकारिता तथा आमसञ्चार विषयमा छात्रवृत्ति, पुरस्कार र क्षमता अभिवृद्धि लगायतका कार्यक्रमलाई परिमार्जनसहित निरन्तरता दिएको छु।

१७६. विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन **एक जिल्ला एक वायर हाउस** निर्माण कार्यको लागि आवश्यक व्यवस्था मिलाएको छु। विपद् प्रतिकार्य, खोज र उद्धार कार्यको लागि विपद्सँग सम्बन्धित अत्यावश्यक सामग्रीको अभाव नहुने प्रबन्ध मिलाएको छु।

१७७. प्रदेशसभाका माननीय सदस्यहरूको लागि कानुन निर्माण र नेतृत्व विकाससम्बन्धी कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु। प्रदेश तथा स्थानीय तहसँग सम्बन्धित सूचना प्रविधि सम्बन्धी एप्स तथा सफ्टवेयर निर्माण गर्नु पूर्व आन्तरिक मामिला तथा कानुन मन्त्रालयको सहमति लिने व्यवस्था मिलाएको छु। प्रदेश सरकारका अत्यावश्यक र महत्त्वपूर्ण संवेदनशील सामग्री छपाईका लागि प्रदेश मुद्रण इकाइ स्थापनाका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१७८. आन्तरिक मामिला तथा कानुन मन्त्रालयतर्फ रू. २९ करोड ६४ लाख विनियोजन गरेको छु ।

## सुशासन प्रवर्द्धन र सार्वजनिक सेवा प्रवाह

१७९. आगामी आर्थिक वर्ष प्रदेशको समग्र शासकीय सुधारको फूटप्रिन्टको रुपमा रहने गरी **स्मार्ट कर्णालीः सुदृढ प्रणाली**को अवधारणालाई मूर्तरुप दिइनेछ। यसका लागि संस्थागत सुशासन, मजबुद आन्तरिक नियन्त्रण प्रणाली, योजना तथा बजेट अनुशासन जस्ता शासकीय औजारहरूको कडाइका साथ पालना र आन्तरिकीकरण गरिनेछ। यसमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सुधारको मानक र मियोको रुपमा रहनेछ। यसबाट नागरिकमा प्रदेश सरकारप्रति सकारात्मक सन्देश प्रवाह र भरोसा जागृत हुने विश्वास लिएको छु।

१८०. सार्वजनिक प्रशासनलाई जवाफदेही, उत्तरदायी, नतिजामूलक, राष्ट्र र जनताप्रति वफादार, नागरिकमैत्री, सुशासनयुक्त र विश्वसनीय बनाउन शासकीय सुधारका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु। निजामती सेवालाई जनमुखी, व्यावसायिक, प्रविधिमैत्री, जवाफदेही र सक्षम बनाइनेछ। स्थानीय सेवा सञ्चालनसम्बन्धी ऐन बनाइ कार्यान्वयनमा ल्याइनेछ।

१८१. प्रदेश लोक सेवा आयोगको रणनीतिक योजना बनाइ कार्यान्वयन गरिनेछ। प्रदेश सरकारका निकायहरूको व्यवस्थापन परीक्षणलाई थप प्रभावकारी बनाइनेछ। यी निकायहरूमा संस्थागत सुशासन, आन्तरिक नियन्त्रण प्रणाली र सेवा प्रवाहको मापदण्डको प्रभावकारी कार्यान्वयन गरिनेछ।

१८२. जनताको गुनासो र सुझाव प्रत्यक्ष रुपमा सम्बोधन गर्न **हाम्रा कुरा हाम्रा मुख्यमन्त्री कार्यक्रम**लाई थप व्यवस्थित गर्दै लगिनेछ। मुख्यमन्त्रीको प्रत्यक्ष सहभागितामा नागरिकको माग र समस्या सम्बोधन गर्न **जनतासँग मुख्यमन्त्री कार्यक्रम** सञ्चालन गरिनेछ।

१८३. कर्णाली प्रदेशलाई कार्यथलो बनाई प्रदेशको सेवामा उत्कृष्ट कार्यसम्पादन गर्ने राष्ट्रसेवक कर्मचारीको मनोबल उच्च राख्न कर्णाली सेवा पुरस्कार प्रदान गर्ने व्यवस्थालाई निरन्तरता दिएको छु। कर्णाली प्रदेशमा कार्यरत राष्ट्रसेवक र स्वीकृत दरबन्दीभित्रका करारमा कार्यरत कर्मचारीहरूलाई प्रदान गर्दै आएको कर्णाली प्रोत्साहन भत्तालाई निरन्तरता दिएको छु।

१८४. कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानलाई क्रमशः आत्मनिर्भर बनाउन व्यावसायिक योजना बनाई कार्यान्वयन गरिनेछ। उक्त प्रतिष्ठानबाट प्रदेश तथा स्थानीय

तहको पदाधिकारी र कर्मचारीको क्षमता विकासका कार्यक्रममार्फत कार्यसम्पादन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै लगिनेछ।

१८५. भ्रष्टाचार विरूद्ध शून्य सहनशीलताको नीति लिई शासकीय स्वच्छता कायम गरिनेछ। सार्वजनिक सेवा प्रवाहलाई सर्वसुलभ, छरितो र प्रविधिमैत्री बनाइनेछ।

१८६. प्रदेश सरकारका निकायको प्रशासनिक पुनर्संरचना गरी कार्यसम्पादनलाई चुस्त, प्रभावकारी, छिटो, छरितो र पारदर्शी बनाइनेछ। प्रदेशका निकाय तथा कर्मचारीको कार्यसम्पादनलाई प्रभावकारी र नतिजामूलक बनाउन वस्तुगत सूचकमा आधारित प्रदेशका निकायको संस्थागत स्वःमूल्याङ्कन र कार्यसम्पादन व्यवस्थापन प्रणाली कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइनेछ।

१८७. सार्वजनिक प्रशासनलाई विकास, सुशासन र समृद्धि प्राप्तिको संयन्त्रको रूपमा विकास गरिनेछ। कर्मचारीसँग वस्तुगत सूचकमा आधारित कार्यसम्पादन सम्झौता गरी सोको आधारमा मूल्याङ्कन गर्ने व्यवस्थालाई संस्थागत गर्दै लगिनेछ।

१८८. प्रदेश सरकार अन्तर्गतका निकायहरूको सङ्गठन संरचनालाई चुस्त र उपयुक्त आकारमा ल्याउन सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरिनेछ। प्रदेश सरकारका कर्मचारीहरूको व्यक्तिगत विवरणको अभिलेख प्रणालीलाई सुदृढीकरण गर्न सूचना प्रविधिको उपयोग बढाइनेछ।

१८९. प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका स्वीकृत दरबन्दी अनुसार पदपूर्ति गर्ने कार्यलाई निरन्तरता दिइनेछ। प्रदेशभित्रका रिक्त प्राविधिक दरबन्दीमा सेवा करारबाट पदपूर्ति गर्दा उपलब्ध भएसम्म प्रदेश लोक सेवा आयोग वा सङ्घीय लोक सेवा आयोगको वैकल्पिक वा अस्थायी योग्यताक्रम सूचीबाट पदपूर्ति गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरेको छु।

१९०. सङ्घीय निजामती सेवा ऐनसँग सामञ्जस्यता हुने गरी कर्णाली प्रदेश निजामती सेवा ऐनको परिमार्जन गर्न संशोधन विधेयक तयार गरी प्रदेशसभामा पेस गरिनेछ।

## अन्तर सरकारी वित्त हस्तान्तरण

१९१. प्रदेश सरकारको कार्यक्षेत्रभित्र पर्ने तर स्थानीय तहबाट सञ्चालन गर्दा मितव्ययी र प्रभावकारी हुने साना आयोजना सम्बन्धित स्थानीय तहबाटै कार्यान्वयनका लागि ससर्त अनुदानमार्फत वित्तीय हस्तान्तरण गर्ने व्यवस्थालाई निरन्तरता दिएको छु।

१९२. हाल प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयले पालिकाहरूबाट कार्यान्वयन हुने आयोजनाका लागि ससर्त अनुदानमार्फत वित्तीय हस्तान्तरण हुने पद्धतिमा व्यापक परिमार्जन तथा सुधार गरिनेछ। योजनाको माग र कार्यान्वयन व्यवस्थालाई पारदर्शी, नतिजामूखी र मापदण्डमा आधारित तुल्याउन आवश्यक कार्यविधि निर्माण गरी पूर्ण परिपालना हुने प्रणाली विकास गरिनेछ।

१९३. आर्थिक वर्ष २०८१/८२ को लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदानमा रू. ८० करोड वित्तीय हस्तान्तरण गरिनेछ। साथै आयोगले तोकेको मापदण्ड र निर्धारित सूत्रको आधारमा राजस्व बाँडफाँट गरी स्थानीय तहमा उपलब्ध गराउने व्यवस्था मिलाएको छु। सवारी साधन करबाट उठेको रकममध्ये प्रत्येक स्थानीय तहले प्राप्त गर्ने रकम मासिक रुपमा बाँडफाँट गरी सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्ने व्यवस्था मिलाएको छु।

१९४. समपूरक र विशेष अनुदानबाट सञ्चालन हुने कार्यक्रमको लागि सूचना प्रकाशन गरी विद्युतीय सूचना प्रणालीबाट प्रस्ताव माग गरी विस्तृत परियोजना प्रतिवेदन तयार भइ कार्यान्वयनमा लैजानको लागि तयारी अवस्थामा रहेका प्राथमिकताको आधारमा स्थानीय तहबाट कार्यपालिकाको निर्णय सहित प्रस्तावित आयोजनामा समपूरक अनुदानतर्फ रू. ६७ करोड ८२ लाख र विशेष अनुदानतर्फ रू. ३० करोड वित्तीय हस्तान्तरण हुने व्यवस्था मिलाएको छु।

१९५. प्रदेश र स्थानीय तहबिच समन्वय र सहकार्य गर्ने अभ्यास र संस्कृतिको विकासका साथै सङ्घीयताको मर्मलाई आत्मसात् गर्दै आर्थिक वर्ष २०८१/८२ मा स्थानीय तहमा कुल रू. ४ अर्ब ८३ करोड रकम वित्तीय हस्तान्तरण गर्ने व्यवस्था मिलाएको छु।

**योजना तथा बजेट कार्यान्वयनमा सुधारः सुशासन र विकासको आधार**

१९६. प्रदेश सरकारले सञ्चालन गर्ने आयोजनाहरूलाई यथार्थपरक, आवश्यकतामा आधारित, व्यवस्थित, वस्तुपरक तुल्याउन परियोजना व्यवस्थापन सम्बन्धी छुट्टै ऐन निर्माण गरिनेछ। आयोजना व्यवस्थापनलाई संस्थागत र प्रणालीबद्ध गर्न प्रदेश आयोजना बैङ्क स्थापना र सञ्चालनमा ल्याइनेछ।

१९७. सीमित स्रोत साधनलाई प्राथमिकतापूर्ण क्षेत्रमा उच्चतम् प्रयोग गर्न प्रदेश सरकारको नीति, योजना, बजेट तथा कार्यक्रमबिचको तादात्म्यता कायम गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।

१९८. प्रदेश सरकारको बजेटबाट उपभोक्ता समितिमार्फत सञ्चालन हुने आयोजनामा जनप्रतिनिधि, निजका परिवार, निर्माण व्यवसायी र राष्ट्रसेवक कर्मचारी उक्त समितिमा बस्न नपाउने व्यवस्था मिलाएको छु।

१९९. बजेट वक्तव्यमा उल्लिखित कार्यक्रमहरूको कार्यान्वयन कार्ययोजना साउन मसान्तभित्र तयार गरिनेछ। बजेट कार्यान्वयन प्रक्रियालाई शीघ्र र व्यवस्थित गर्न मापदण्ड, कार्यविधि, निर्देशिका लगायतका आवश्यक कानुनहरू पहिलो त्रैमासिकभित्र तर्जुमा गरिनेछ।

२००. बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रम तथा रू. १० करोडभन्दा बढी रकम विनियोजन भएका कार्यक्रम र आयोजनाको कार्यान्वयनको प्रभावकारिता बढाउन आर्थिक मामिला तथा योजना मन्त्रालयमा चौमासिक रुपमा मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ।

२०१. प्रदेश तथा स्थानीय तहबाट सञ्चालन हुने आयोजनाको प्रभावकारिता वृद्धिका लागि जिल्ला समन्वय समितिलाई अनुगमन तथा मूल्याङ्कनमा सहयोग पुऱ्याउन आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

२०२. योजना तथा विकास सम्बन्धी विषयहरूमा अध्ययन र अनुसन्धान गरी सरकारलाई प्रतिवेदन गर्न कर्णाली प्रदेश योजना आयोगको संरचनागत सुधार, क्षमता विकास तथा स्रोत साधन सम्पन्न गरी बौद्धिक समूह (थिङ्क ट्याङ्क)को रुपमा विकास गरिनेछ।

२०३. प्रदेश सरकारको विकास प्रक्रियामा आमनागरिक तथा जनप्रतिनिधिको चासो र अपेक्षा मूखरित गराउने ध्येयले सरकारी बजेट तथा योजना प्रक्रियामा प्रदेश सांसदको भूमिका र योगदानलाई सुसूचित गरिनेछ।

२०४. प्रदेश सरकारको आर्थिक कार्यप्रणालीलाई व्यवस्थित गर्न र वित्तीय व्यवस्थापनमा संलग्न पदाधिकारी तथा कर्मचारीको अधिकार, जिम्मेवारी र उत्तरदायित्व निर्धारण गर्न आगामी आर्थिक वर्षभित्र कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक तयार गरी कर्णाली प्रदेशसभामा पेस गरिनेछ।

२०५. प्रदेश बेरुजु व्यवस्थापन सूचना प्रणालीलाई पूर्णरुपमा कार्यान्वयन गरी बेरुजु फस्यौंटको लागि लेखा उत्तरदायी अधिकृतलाई जिम्मेवार र जवाफदेही बनाइनेछ। आगामी आर्थिक वर्षमा अत्यावश्यक बाहेक थप आर्थिक दायित्व सिर्जना हुने गरी नयाँ संरचनाहरू स्थापना गरिने छैन।

२०६. वित्तीय जोखिम (फिउडिसियरी रिक्स) र वित्तीय श्राव (फिस्कल ब्लिडिङ) नियन्त्रण गरी वित्तीय सुशासन कायम गर्नका लागि कर्णाली प्रदेश वित्तीय जोखिम मूल्याङ्कन कार्यविधि परिमार्जन गरी कार्यान्वयनमा ल्याइनेछ।

२०७. पन्ध्र लाख भन्दा बढी लागत अनुमानका आयोजना उपभोक्ता समितिबाट कार्यान्वयन गर्दा स्थानीय तहमा उपभोक्ता समिति दर्ता गरी स्थायी लेखा नम्बर लिनुपर्ने व्यवस्थालाई अनिवार्य गरेको छु। यसबाट विद्यमान उपभोक्ता समितिमार्फत सञ्चालन हुने आयोजनामा रहेका विकृति, विसङ्गति तथा वित्तीय सुशासन जोखिम न्यून हुने विश्वास लिएको छु।

२०८. पर्याप्त स्रोतको उपलब्धता बिना नै बहुवर्षीय ठेक्काको स्रोत सहमति दिने प्रवृत्तिको अन्त्य गरिनेछ। स्रोत सहमति माग गरेको आर्थिक वर्षमा आयोजनाका लागि विनियोजित रकमको अधिकतम चारगुणा भन्दा बढी नहुने गरी बढीमा तीन वर्षको लागि स्रोतको सहमति दिने गरी मापदण्डको पूर्ण रुपमा कार्यान्वयन गरिनेछ।

२०९. स्रोत सहमति प्रदान गरेको मितिले ६ महिनाभित्र ठेक्का सम्झौता नभएमा त्यस्तो सहमति स्वतः खारेज भएको मानिनेछ। यस अघि सहमति दिइएका मध्ये छ महिना पूरा भइ हालसम्म बोलपत्र आह्वान नभएका तथा आगामी वर्षको बजेटमा

विनियोजन प्रस्ताव नगरिएका आयोजनाहरूको स्रोत सुनिश्चितता सहमति यसै बजेटमार्फत खारेज गरेको छु।

२१०. प्रदेशभित्रका आयोजना कार्यान्वयनका लागि बजेट विनियोजन भएका आयोजनाको पहिलो चौमासिक अवधिभित्र खरिद प्रक्रिया सुरू गरिसक्नु पर्नेछ। सो समयावधिमा ठेक्का प्रक्रिया अगाडि नबढेको कार्यक्रममा विनियोजित रकम रोक्का गर्न सकिनेछ। तोकिएका लक्ष्य समयमा नै हासिल गर्ने निकायलाई पुरस्कृत गर्ने र नगर्नेलाई दण्डित गर्ने नीति अवलम्बन गरिनेछ।

२११. बजेटमा विनियोजन कुशलता कायम गरी कार्यान्वयनप्रति जवाफदेही बनाउन मन्त्रालयमा एकमुष्ट रकम विनियोजन गर्ने प्रवृत्तिलाई निरूत्साहित गर्नुका साथै रकमान्तर तथा कार्यक्रम संशोधन गर्ने प्रवृत्तिमा सुधार ल्याइनेछ। आगामी आर्थिक वर्षको असोज महिनासम्म एवम् असार महिनामा रकमान्तर तथा कार्यक्रम संशोधन गरिने छैन। कुनै एक स्थानीय तहमा हस्तान्तरण भएको रकम अन्य स्थानीय तहमा रकमान्तर तथा कार्यक्रम संशोधन गरिने छैन।

२१२. ठुला र रणनीतिक महत्त्वका विकास आयोजनाहरूको कार्यान्वयनको प्रक्रियामा हुने अवरोध हटाउँदै सहजीकरण गरी तीव्रता दिन स्वतन्त्र तथा विज्ञ तेस्रो पक्ष संलग्न हुने गरी तेस्रो पक्ष मूल्याङ्कन पद्धतिलाई अवलम्बन गरिनेछ।

**विकास सहायता र लगानी परिचालन**

२१३. सङ्घ सरकारको स्वीकृतिमा प्रदेश सरकारको आवश्यकता र प्राथमिकताको आधारमा प्रदेशको उत्पादन, रोजगारी तथा क्षमता विकास र सामाजिक विकासका क्षेत्रमा सहायता परिचालन गरिनेछ। प्रदेशभित्र कार्यक्रम सञ्चालन गर्न चाहने विकास साझेदारले प्रदेश सरकारको पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था मिलाइनेछ।

२१४. राजस्व सङ्कलनमा आउने सङ्कुचन र सार्वजनिक खर्चमा पर्ने थप चापलाई कम गर्न प्रशासनिक खर्चमा मितव्ययिता अपनाउने नीति लिइनेछ। प्रदेश मातहत रहेका सबै निर्देशनालयहरूलाई कार्यप्रकृतिका आधारमा सम्बन्धित मन्त्रालयमा गाभ्ने तथा जिल्ला कार्यालयका रूपमा रुपान्तरण गरिनेछ। सरकारका नियमित संरचनाबाट सम्पादन हुने कामका लागि अलग्गै संरचना वा निकाय सिर्जना गर्न

र परामर्श सेवा लिन तथा स्वीकृत दरबन्दी भन्दा बढी सङ्ख्यामा सेवा करार लिन नपाइने व्यवस्था मिलाएको छु।

**माननीय सभामुख महोदय,**

अब, म माथि प्रस्तुत क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयनका लागि बजेट विनियोजन तथा स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु।

२१५. आगामी आर्थिक वर्षमा प्रस्ताव गरिएका नीति, कार्यक्रम तथा आयोजनाहरू कार्यान्वयन गर्न रू. ३१ अर्ब ४१ करोड ४१ हजार विनियोजन गरेको छु। कुल विनियोजनमध्ये प्रदेशले खर्च गर्ने चालुतर्फ रू. ७ अर्ब ५७ करोड ५५ लाख ९२ हजार अर्थात् २४.१२ प्रतिशत, पुँजीगततर्फ रू. १८ अर्ब ७५ करोड ०८ लाख ६८ हजार अर्थात् ५९.७ प्रतिशत, वित्तीय व्यवस्थातर्फ रु. २५ करोड अर्थात् ०.८ प्रतिशत र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ रू. ४ अर्ब ८३ करोड ३५ लाख ८१ हजार अर्थात् १५.३८ प्रतिशत विनियोजन गरेको छु।

२१६. आगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रू. ८३ करोड ४४ लाख ६५ हजार, चालु आर्थिक वर्षको खर्च नभइ बचत हुने अनुमानित रकम रू. ५ अर्ब १३ करोड ८१ लाख २६ हजार, सङ्घीय सरकारबाट राजस्व बाँडफाँट वापत प्राप्त हुने रकम रू. ९ अर्ब ३८ करोड ५३ लाख र वित्तीय समानीकरण अनुदानबाट प्राप्त हुन आएको रू. १० अर्ब ३६ करोड ६३ लाख र ससर्त अनुदानबाट रू. ३ अर्ब ७१ करोड ५० लाख परिचालन गरिनेछ। सङ्घीय सरकारबाट प्राप्त हुने समपूरक अनुदानतर्फ रू. १ अर्ब २८ करोड ५० लाख र विशेष अनुदानतर्फ रू. ६७ करोड २५ लाख परिचालन गरिनेछ। सङ्घीय सरकारबाट ससर्त अनुदानमा प्राप्त हुने वैदेशिक सहायता बाहेक अन्य वैदेशिक सहायताबाट सञ्चालित हुने कार्यक्रम कार्यान्वयनका लागि रू. १ करोड ३३ लाख ५० हजार स्रोत परिचालन हुनेछ।

२१७. आर्थिक वर्ष २०७९/८० को यथार्थ खर्च, आर्थिक वर्ष २०८०/८१ को संशोधित अनुमान र आर्थिक वर्ष २०८१/८२ को अनुमानित आय व्ययको विवरण अनुसूचीमा उल्लेख गरेको छु। सोको विस्तृत विवरण छुट्टै प्रस्तुत गरेको

छु। विषयगत मन्त्रालयहरूको चालु आर्थिक वर्षको प्रगति विवरण समेत आजै प्रस्तुत गरेको छु।

**माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८१/८२ को राजस्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

२१८. प्रदेशको राजस्व परिचालनको सम्भाव्यताको आँकलन तथा अध्ययन गरी सुझाव दिन एक अध्ययन सुझाव कार्यदल गठन गरिनेछ। उक्त कार्यदलले दिएको सुझावको आधारमा आगामी वर्षमा राजस्व प्रशासनमा थप सुधार गर्दै लगिनेछ।

२१९. सङ्घ तथा स्थानीय तहसँगको समन्वय र सहकार्यमा करको दायरा विस्तार गरी प्रदेशको आन्तरिक स्रोत परिचालनलाई प्रभावकारी बनाइनेछ। कर प्रणालीलाई सरलीकृत र सूचना प्रविधिमैत्री बनाइनेछ।

२२०. **कर करले होइन, रहरले तिर्ने** भन्ने मान्यताकासाथ कर प्रणालीलाई व्यवस्थित र वैज्ञानिक बनाई करदातामैत्री कर प्रशासनमार्फत् राजस्व सङ्कलन कार्यलाई प्रभावकारी बनाउन आगामी आर्थिक वर्षको राजस्व नीति तथा कार्यक्रमको उद्देश्यहरू देहाय अनुसार प्रस्तुत गरेको छुः

(क) सङ्घीय सरकार, स्थानीय तह तथा अन्य सरोकारवाला निकायसँगको सहकार्य र समन्वयमा कर चुहावट नियन्त्रण गरी राजस्व परिचालन अभिवृद्धि गर्ने,

(ख) प्रदेशको एकल तथा साझा अधिकार क्षेत्रका आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याई राजस्व वृद्धि गर्ने,

(ग) कर प्रणालीलाई सरल, सहज, मितव्ययी र प्रविधिमैत्री बनाई स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्ने,

(घ) करको संरचना र दरमा समयानुकुल परिमार्जन गरी कर प्रणालीलाई व्यवस्थित बनाउने,

(ङ) प्रदेश तथा स्थानीय तहको राजस्व प्रशासनको संस्थागत क्षमता विकास गर्ने,

(च) प्राकृतिक स्रोतको उपयोगबाट प्राप्त हुने रोयल्टीको हिस्सा अभिवृद्धि गर्न विद्यमान कानुन संशोधनका लागि आवश्यक पहल गर्ने,

(छ) प्रदेश र स्थानीय तहको साझा अधिकार अन्तर्गत स्थानीय तहबाट सङ्कलन भइ प्रदेशमा बाँडफाँटमार्फत प्राप्त हुने राजस्वलाई अनुमानयोग्य, स्वचालित र व्यवस्थित बनाउने,

(ज) स्थानीय तहसँगको समन्वय र सहकार्यमा विज्ञापन कर, मनोरञ्जन कर र  पर्यटन शुल्कको प्रभावकारी नियमन तथा प्रशासन गरी राजस्व सङ्कलन अभिवृद्धि गर्ने।

२२१. आर्थिक वर्ष २०८१/८२ मा यस प्रदेशमा लगाइने कर तथा शुल्कहरूको विवरण आर्थिक विधेयकमा उल्लेख गरेको छु।

**राजस्व छुट तथा सहुलियत**

२२२. कृषि प्रयोजनका लागि दुई वा दुईभन्दा बढी व्यक्तिले आपसी सहमतिमा जग्गाको चक्लाबन्दी गर्न उद्योगको नाममा लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचहत्तर प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु।

२२३. प्रदेशभित्र सुर्ती र मदिराजन्य बाहेकका उत्पादनमूलक उद्योग स्थापना तथा सञ्चालन गर्न उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क शतप्रतिशत छुट दिने व्यवस्थालाई निरन्तरता दिएको छु।

२२४. आर्थिक वर्ष २०७६/७७ भन्दा अगाडिको सवारी साधन कर बुझाउन छुट भएका सवारी साधन धनीले आर्थिक वर्ष २०८०/८१ सम्मको सवारी साधन कर सम्वत् २०८१ चैत्र मसान्तसम्म दाखिला गरेमा आर्थिक वर्ष २०७६/७७ भन्दा अगाडिको सवारी साधन करमा लाग्ने जरिवाना रकम छुट हुने व्यवस्था मिलाएको छु।

**माननीय सभामुख महोदय,**

२२५. आगामी आर्थिक वर्षमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान बढ्ने, पुँजीगत खर्च अभिवृद्धि हुने, पूर्वाधार निर्माणको कार्यले गति लिने तथा विभिन्न महामारी र

आर्थिक शिथिलताको असर कम हुँदै जाँदा समग्र आर्थिक गतिविधिहरू बढोत्तरी भइ ५.८ प्रतिशत आर्थिक वृद्धि हासिल हुने अपेक्षा गरेको छु।

२२६. मैले प्रस्तुत गरेको यस बजेटको कार्यान्वयनबाट नेपाली जनताका संविधान प्रदत्त मौलिक हक र अधिकारको कार्यान्वयन हुँदै जाने, आधारभूत पूर्वाधार निर्माण हुने, बहुआयामिक गरिबीमा कमी आउने, बजेट खर्च प्रणालीमा सुधार भइ आर्थिक वृद्धि र विकासमा सहयोग पुग्ने, बजेट अनुशासनको माध्यमबाट प्रदेशको समग्र वित्तीय सुशासन कायम हुने, कर्णाली प्रदेशको आर्थिक, सामाजिक, मानवीय लगायत समग्र विकास र सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि हुने, आम नागरिकमा आर्थिक तथा सामाजिक क्षेत्रमा सकारात्मक परिवर्तनको अनुभूति हुने विश्वास लिएको छु।

**माननीय सभामुख महोदय,**

२२७. यो बजेट तर्जुमाको लागि मार्गदर्शन गर्नुहुने माननीय कर्णाली प्रदेशका प्रदेश प्रमुख, माननीय मुख्यमन्त्री, प्रदेशसभाका माननीय सभामुख, माननीय उपसभामुखप्रति हार्दिक सम्मान र आभार व्यक्त गर्दछु।

२२८. बजेटका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूमा व्यापक छलफल गरी महत्त्वपूर्ण सुझाव प्रदान गर्नुहुने प्रमुख प्रतिपक्ष दलका नेता, प्रदेशसभाका माननीय सदस्यहरूप्रति हार्दिक आभार प्रकट गर्दछु।

२२९. यस बजेट तर्जुमाका क्रममा महत्त्वपूर्ण सल्लाह सुझाव दिनु हुने प्रदेशका पूर्व मुख्यमन्त्रीज्यूहरू, पूर्व आर्थिक मामिला तथा योजना मन्त्रीहरू, राजनीतिक दलका नेताहरू, प्रदेश सभाका समितिका पदाधिकारीहरू, कर्णाली प्रदेश योजना आयोग, स्थानीय तहका जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, उद्योगी, व्यवसायी, नागरिक समाज, विकास साझेदार, सञ्चार जगत् लगायत सबैलाई धन्यवाद ज्ञापन गर्दछु। साथै बजेट तर्जुमाका बखत प्राप्त सहयोग कार्यान्वयनमा समेत निरन्तरता रहने विश्वास लिएको छु।

२३०. अन्त्यमा, कर्णाली प्रदेशको विकास प्रयास र कर्णालीवासीको जीवनस्तरमा उल्लेखनीय रूपमा सुधार ल्याउन सबै एकजुट हुन समेत हार्दिक अनुरोध गर्दछु।

**धन्यवाद।**

# अनुसूचीहरू

# आय व्ययको विवरण
## आर्थिक वर्ष २०८१/८२

अनुसूची - १
(रु.हजारमा)

| विवरण | २०७९/८० को यथार्थ | २०८०/८१ को संशोधित अनुमान | २०८१/८२ को लक्ष्य | | | |
|---|---|---|---|---|---|---|
| | | | रकम | स्रोत | | |
| | | | | प्रदेश सरकार | संघ अनुदान | |
| | | | | | संघ | वैदेशिक |
| **१ राजस्व (२+३+४)** | **१५,७१,४५,१५** | **१५,९२,३८,७१** | **१५,३५,७८,९१** | **१५,३५,७८,९१** | **०** | **०** |
| २ कर | ६,६२,४१,५९ | ८,३३,७६,०७ | ९,५२,८१,७९ | ९,५२,८१,७९ | ० | ० |
| ३ अन्य राजस्व | ३३,०८,३७ | ४४,४८,४४ | ४४,६५,५४ | ४४,६५,५४ | ० | ० |
| ४ बिबिध प्राप्ति | ८,७५,९५,१९ | ७,१४,१४,२० | ५,३८,३१,५८ | ५,३८,३१,५८ | ० | ० |
| **५ प्रदेश सञ्चित कोषमा दाखिला हुने(१-४)** | **१५,७१,४५,१५** | **१५,९२,३८,७१** | **१५,३५,७८,९१** | **१५,३५,७८,९१** | **०** | **०** |
| **६ वित्तीय हस्तान्तरण अनुदान** | **१३,५०,४४,५४** | **१३,६४,२४,१५** | **१६,०५,२१,५१** | **०** | **१४,१०,५७,०१** | **१,९४,६४,५०** |
| **७ प्रदेश सरकारको राजस्व र अनुदान (५+६)** | **२९,२१,८९,६९** | **२९,५६,६२,८६** | **३१,४१,००,४२** | **१५,३५,७८,९१** | **१४,१०,५७,०१** | **१,९४,६४,५०** |
| **८ खर्च (९+१०+११)** | **२२,२६,६८,७५** | **२४,४२,८१,५९** | **३१,१६,००,४१** | **१५,१०,७८,९०** | **१४,१०,५७,०१** | **१,९४,६४,५०** |
| ९ चालु | ५,१६,९१,९४ | ६,३१,८५,४८ | ७,५७,५५,९२ | ५,८७,६३,४२ | १,२६,७७,०० | ४३,१५,५० |
| १० पूंजीगत खर्च | १२,७७,६५,३५ | १२,१८,९९,७३ | १८,७५,०८,६८ | ४,८७,११,१७ | १२,३६,४८,५१ | १,५१,४९,०० |
| ११ वित्तीय हस्तान्तरण चालु | ४,३२,११,४६ | ५,९१,९६,३८ | ४,८३,३५,८१ | ४,३६,०४,३१ | ४७,३१,५० | ० |
| **१२ बजेट बचत(-) न्यून(+) (८-७)** | **-६,९५,२०,९४** | **-५,१३,८१,२७** | **-२५,००,०१** | **-२५,००,०१** | **०** | **०** |
| **१३ वित्तीय व्यवस्था** | **०** | **०** | **२५,००,००** | **२५,००,००** | **०** | **०** |
| **१४ आन्तरिक वित्तीय सम्पत्ति (१५)** | **०** | **०** | **२५,००,००** | **२५,००,००** | **०** | **०** |
| १५ अन्य संस्थामा शेयर लगानी | ० | ० | २५,००,०० | २५,००,०० | ० | ० |
| **१६ बजेट बचत(-) न्यून (+) (१२+१३)** | **-६,९५,२०,९४** | **-५,१३,८१,२७** | **०** | **०** | **०** | **०** |
| **१७ कुल आम्दानी** | **२९,२१,८९,६९** | **२९,५६,६२,८६** | **३१,४१,००,४१** | **१५,३५,७८,९०** | **१४,१०,५७,०१** | **१,९४,६४,५०** |
| **१८ कुल खर्च** | **२२,२६,६८,७५** | **२४,४२,८१,५९** | **३१,४१,००,४१** | **१५,३५,७८,९०** | **१४,१०,५७,०१** | **१,९४,६४,५०** |

# राजस्व तथा अनुदान प्राप्तिको अनुमान
## आर्थिक वर्ष २०८१/८२

**अनुसूची - २**
**(रु.हजारमा)**

| शीर्षक | २०७९/८० को यथार्थ | २०८०/८१ को संशोधित अनुमान | २०८१/८२ को लक्ष्य | वर्तमान स्रोतबाट | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट |
|---|---|---|---|---|---|
| कर | ६,६२,४१,५९ | ८,३३,७६,०७ | ९,५२,८१,७९ | ९,५२,८१,७९ | ० |
| **सम्पत्ति कर** | **१०,४२,१६** | **१३,३२,००** | **१३,७२,३७** | **१३,७२,३७** | **०** |
| **घरजग्गा रजिष्टेशन दस्तुर** | **१०,४२,१६** | **१३,३२,००** | **१३,७२,३७** | **१३,७२,३७** | **०** |
| घरजग्गा रजिष्टेशन दस्तुर | १०,४२,१६ | १३,३२,०० | १३,७२,३७ | १३,७२,३७ | ० |
| **वस्तु तथा सेवामा आधारित कर** | **६,५१,८९,३६** | **८,१७,२१,५२** | **९,३५,७७,०९** | **९,३५,७७,०९** | **०** |
| **मूल्य अभिवृद्धि कर (मू.अ .क.)** | **४,७२,०२,३०** | **६,१६,०८,७८** | **६,९२,६७,९९** | **६,९२,६७,९९** | **०** |
| बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ४,७२,०२,३० | ६,१६,०८,७८ | ६,९२,६७,९९ | ६,९२,६७,९९ | ० |
| **अन्तः शुल्क** | **१,७९,८४,४९** | **२,०१,११,७४** | **२,४३,०७,९९** | **२,४३,०७,९९** | **०** |
| बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क | १,७९,८४,४९ | २,०१,११,७४ | २,४३,०७,९९ | २,४३,०७,९९ | ० |
| **पुर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर** | **२,५७** | **१,००** | **१,११** | **१,११** | **०** |
| सवारी साधन कर (सवारी दर्ता, वार्षिक सवारी कर तथा पटके सवारी कर ) | ० | १,०० | १,१० | १,१० | ० |
| पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | २,५७ | ० | ० | ० | ० |
| बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ० | ० | १ | १ | ० |
| **अन्य कर** | **१०,०७** | **३,२२,५५** | **३,३२,३३** | **३,३२,३३** | **०** |
| **व्यवसायले भुक्तानी गर्ने** | **१०,०७** | **३,२२,५५** | **३,३२,३३** | **३,३२,३३** | **०** |
| व्यवसायले भुक्तानी गर्ने | १०,०७ | २८,२५ | २९,११ | २९,११ | ० |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर तथा व्यवसाय कर | ० | २,९४,३० | ३,०३,२२ | ३,०३,२२ | ० |
| **अनुदान** | **१३,५०,४४,५४** | **१३,६४,२४,१५** | **१६,०५,२१,५०** | **१६,०५,२१,५०** | **०** |
| **वहुपक्षीय वैदेशिक अनुदान** | **०** | **०** | **१,३३,५०** | **१,३३,५०** | **०** |
| **अन्य वैदेशिक चालु अनुदान** | **०** | **०** | **१,३३,५०** | **१,३३,५०** | **०** |
| अन्य वैदेशिक चालु अनुदान | ० | ० | १,३३,५० | १,३३,५० | ० |
| **अन्तरसरकारी वित्तीय हस्तान्तरण** | **१३,५०,४४,५४** | **१३,६४,२४,१५** | **१६,०३,८८,००** | **१६,०३,८८,००** | **०** |
| **अन्तरसरकारी अनुदान** | **१३,५०,४४,५४** | **१३,६४,२४,१५** | **१६,०३,८८,००** | **१६,०३,८८,००** | **०** |
| समानिकरण अनुदान | ९,३८,५६,०० | ७,५३,२६,१५ | १०,३६,६३,०० | १०,३६,६३,०० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| शसर्त अनुदान चालु | १,३३,५८,१८ | १,५९,११,१० | १,५५,६८,०० | १,५५,६८,०० | ० |
| शसर्त अनुदान पुँजीगत | २,०५,३९,७८ | ३,१५,९१,९० | २,१५,८२,०० | २,१५,८२,०० | ० |
| विषेश अनुदान चालु | ४०,३०,९३ | १६,००,०० | १४,२५,०० | १४,२५,०० | ० |
| विषेश अनुदान | ० | ४३,७९,०० | ५३,००,०० | ५३,००,०० | ० |
| समपुरक अनुदान पुँजीगत | ३२,५९,६५ | ७६,१६,०० | १,२८,५०,०० | १,२८,५०,०० | ० |
| **अन्य राजस्व** | **३३,०८,३७** | **४४,४८,४४** | **४४,६५,५४** | **४४,६५,५४** | **०** |
| **सम्पत्तिबाट प्राप्त आय** | **१५,०७,२६** | **२२,६९,५९** | **२२,९४,१०** | **२२,९४,१०** | **०** |
| **भाडा र रोयल्टी** | **३,३०,८९** | **५,९१,५५** | **५,६५,२१** | **५,६५,२१** | **०** |
| सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १,९९ | ५,१८ | ५,३४ | ५,३४ | ० |
| बाँडफाँड भई प्राप्त वन रोयल्टी | १,८६,६३ | २,९२,६६ | २,४१,११ | २,४१,११ | ० |
| बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | ८,११ | ६,८५ | १०,४७ | १०,४७ | ० |
| बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | १६,२६ | ६,२५ | २१,०० | २१,०० | ० |
| बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | १,१०,८३ | २,७०,८१ | २,७९,०२ | २,७९,०२ | ० |
| बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | ३,४६ | ६,१० | ४,४६ | ४,४६ | ० |
| अन्य स्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी | ३,६१ | ३,७० | ३,८१ | ३,८१ | ० |
| **राजस्व बाँडफाँडबाट प्राप्त आय** | **११,७३,००** | **१६,६८,३४** | **१७,१८,९०** | **१७,१८,९०** | **०** |
| सवारी साधन कर | ११,७३,०० | १६,६८,३४ | १७,१८,९० | १७,१८,९० | ० |
| **अन्य शुल्क** | **३,३७** | **९,७०** | **९,९९** | **९,९९** | **०** |
| पर्यटन शुल्क | ३,३७ | ९,७० | ९,९९ | ९,९९ | ० |
| **वस्तु तथा सेवा विक्रिबाट प्राप्त रकम** | **१६,९७,७७** | **१७,४९,७०** | **१९,०२,६३** | **१९,०२,६३** | **०** |
| **वस्तु तथा सेवा विक्रिबाट प्राप्त रकम** | **५२,६४** | **५७,४४** | **५९,१८** | **५९,१८** | **०** |
| कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम | १८,८३ | १८,५० | १९,०६ | १९,०६ | ० |
| सरकारी सम्पतीको विक्रीबाट प्राप्त रकम | १३,३० | १३,९० | १४,३२ | १४,३२ | ० |
| अन्य विक्रीबाट प्राप्त रकम | २०,५१ | २५,०० | २५,७६ | २५,७६ | ० |
| अन्य सेवा शुल्क तथा बिक्री | ० | ४ | ४ | ४ | ० |
| **प्रशासनिक सेवा शुल्क** | **८,७५,२३** | **८,५८,९१** | **८,८४,९४** | **८,८४,९४** | **०** |
| शिक्षा क्षेत्रको आम्दानी | ६,०१ | ६,२० | ६,३९ | ६,३९ | ० |
| परीक्षा शुल्क | ५,८०,१२ | ४,९०,२९ | ५,०५,१५ | ५,०५,१५ | ० |
| यातायात क्षेत्रको आम्दानी | ९५,१३ | १,२०,२२ | १,२३,८६ | १,२३,८६ | ० |
| अन्य प्रशासनिक सेवा शुल्क | १,९३,९७ | २,४२,२० | २,४९,५४ | २,४९,५४ | ० |
| **अन्य प्रशासनिक दस्तुरहरु** | **६,८२,६०** | **५,३९,२३** | **६,५५,४८** | **६,५५,४८** | **०** |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | १,१४,३७ | ० | ० | ० | ० |
| रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | १५,३२ | १८,१३ | १८,६८ | १८,६८ | ० |

| शीर्षक | २०७९/८० को यथार्थ | २०८०/८१ को संशोधित अनुमान | २०८१/८२ को लक्ष्य | वर्तमान स्रोतबाट | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट |
|---|---|---|---|---|---|
| टेलिभिजन सञ्चालन दस्तुर | १,०० | १,१० | १,१० | १,१० | ० |
| चालक अनुमति पत्र, सवारी दर्ता किताब (Blue book) सम्बन्धी दस्तुर | ५,५१,९१ | ५,२०,०० | ६,३५,७० | ६,३५,७० | ० |
| **अन्य प्रशासनिक सेवा शुल्क** | **८७,३०** | **२,९४,१२** | **३,०३,०३** | **३,०३,०३** | **०** |
| वन क्षेत्रको अन्य आय | ८७,३० | २,९४,१२ | ३,०३,०३ | ३,०३,०३ | ० |
| **दण्ड जरिवाना र जफत** | **८८,८०** | **४,२३,१५** | **२,६२,६३** | **२,६२,६३** | **०** |
| **दण्ड,जरिवाना र जफत** | **८८,८०** | **४,२३,१५** | **२,६२,६३** | **२,६२,६३** | **०** |
| न्यायिक दण्ड,जरिवाना र जफत | ३,१४ | ९० | ९३ | ९३ | ० |
| प्रशासनिक दण्ड,जरिवाना र जफत | ८५,३६ | ४,२०,०० | २,४८,१० | २,४८,१० | ० |
| धरौटी सदरस्याहा | ३० | २,२५ | १३,६० | १३,६० | ० |
| **विविध राजस्व** | **१४,५४** | **६,००** | **६,१८** | **६,१८** | **०** |
| **अन्य राजस्व** | **१४,५४** | **६,००** | **६,१८** | **६,१८** | **०** |
| अन्य राजस्व | १४,५४ | ६,०० | ६,१८ | ६,१८ | ० |
| **बिबिध प्राप्ति** | **८,७५,९५,१९** | **७,१४,१४,२०** | **५,३८,३१,५८** | **५,३८,३१,५८** | **०** |
| **बिबिध प्राप्ति** | **८,७५,९५,१९** | **७,१४,१४,२०** | **५,३८,३१,५८** | **५,३८,३१,५८** | **०** |
| **बिबिध प्राप्ति** | **१५,६८,३८** | **१८,९३,२६** | **२४,५०,३२** | **२४,५०,३२** | **०** |
| बेरूजू | ५,१५,४२ | ३,७८,२६ | ९,०४,८७ | ९,०४,८७ | ० |
| निकासा फिर्ता | ५,३५,७८ | ४,१५,०० | ४,१२,१२ | ४,१२,१२ | ० |
| अनुदान फिर्ता | ५,१७,१८ | ११,००,०० | ११,३३,३३ | ११,३३,३३ | ० |
| **नगद तथा मौज्दात** | **८,६०,२६,८१** | **६,९५,२०,९४** | **५,१३,८१,२६** | **५,१३,८१,२६** | **०** |
| गत वर्षको नगद मौज्दात | ८,६०,२६,८१ | ६,९५,२०,९४ | ५,१३,८१,२६ | ५,१३,८१,२६ | ० |
| **जम्मा ( राजस्व / प्राप्ति )** | २९,२१,८९,६९ | २९,५६,६२,८६ | **३१,४१,००,४१** | ३१,४१,००,४१ | **०** |
| **राजस्व बाँडफाँट** | | | | | |
| **प्रदेश सञ्चित कोषमा दाखिला हुने राजस्व** | २९,२१,८९,६९ | २९,५६,६२,८६ | ३१,४१,००,४१ | ३१,४१,००,४१ | ० |

# कार्यगत व्यय अनुमान
## आर्थिक वर्ष २०८१/८२

अनुसूची - ३
(रु.हजारमा)

| शीर्षक | २०८१/८२ को लक्ष्य | | | कुल अनुमानको प्रतिशत |
|---|---|---|---|---|
| | जम्मा | प्रदेश | स्थानीय तह | |
| **सामान्य सार्वजनिक सेवा** | **१०,६७,६८,८७** | **५,८४,३३,०६** | **४,८३,३५,८१** | **३३.९९** |
| कार्यकारी र विधायिकाको निकाय,आर्थिक तथा वित्तिय र वैदेशिक मामिला | ४,४१,२५,६७ | ४,४१,२५,६७ | ० | |
| सामान्य सेवा | १,२७,००,०३ | १,२७,००,०३ | ० | |
| सामान्य सार्वजनिक सेवामा अनुसन्धान तथा विकास | १४,१४,५५ | १४,१४,५५ | ० | |
| विभिन्न तहका सरकारहरु बीच हुने सामान्य प्रकृतिको हस्तान्तरण | ४,८५,२८,६२ | १,९२,८१ | ४,८३,३५,८१ | |
| **सार्वजनिक शान्ति सुरक्षा** | **३१,४१,४०** | **३१,४१,४०** | **०** | **१.००** |
| न्यायालय | १,७७,०० | १,७७,०० | ० | |
| सार्वजनिक शान्ति सुरक्षा - अन्यत्र वर्गिकृत नभएको | २९,६४,४० | २९,६४,४० | ० | |
| **आर्थिक मामिला** | **६,७२,५१,४३** | **६,७२,५१,४३** | **०** | **२१.४१** |
| कृषि, वन , मत्स्यपालन तथा शिकार | २,९१,५६,६६ | २,९१,५६,६६ | ० | |
| खानी , उत्पादन तथा निर्माण | ८,०८,०० | ८,०८,०० | ० | |
| यातायात | ३,४१,३२,०२ | ३,४१,३२,०२ | ० | |
| अन्य उद्योगहरु | ३१,५४,७५ | ३१,५४,७५ | ० | |
| **वातावरण संरक्षण** | **७७,०४,०८** | **७७,०४,०८** | **०** | **२.४५** |
| जैविक विविधता र भू-संरक्षण | ७४,६४,०८ | ७४,६४,०८ | ० | |
| अनुसन्धान तथा विकास पर्यावरण संरक्षण | १,१५,०० | १,१५,०० | ० | |
| वातावरण संरक्षण - अन्यत्र वर्गिकृत नभएको | १,२५,०० | १,२५,०० | ० | |
| **आवास तथा सामुदायिक सुविधा** | **८,७२,५८,८३** | **८,७२,५८,८३** | **०** | **२७.७८** |
| आवास विकास | ७४,४८,०० | ७४,४८,०० | ० | |
| खानेपानी | १,७५,४४,४६ | १,७५,४४,४६ | ० | |
| सडक विद्युतीकरण | ६,००,४६,३७ | ६,००,४६,३७ | ० | |
| आवास तथा सामुदायिक सुविधा - अन्यत्र उल्लेख नभएको | २२,२०,०० | २२,२०,०० | ० | |
| **स्वास्थ्य** | **२,३६,२६,२७** | **२,३६,२६,२७** | **०** | **७.५२** |
| औषधी उत्पादन,उपकरण तथा औजार | १९,१८,३० | १९,१८,३० | ० | |
| वहिरंङ्ग सेवा | ५,७५,५८ | ५,७५,५८ | ० | |
| अस्पताल सेवा | ६४,४३,६१ | ६४,४३,६१ | ० | |
| सार्वजनिक स्वास्थ्य सेवा | २४,८१,६१ | २४,८१,६१ | ० | |
| स्वास्थ्यमा अनुसन्धान सेवा | ९४,५८,५७ | ९४,५८,५७ | ० | |
| स्वास्थ्य - अन्यत्र वर्गिकृत नभएको | २७,४८,६० | २७,४८,६० | ० | |
| **मनोरंजन,संस्कृति तथा धर्म** | **८३,३५,२४** | **८३,३५,२४** | **०** | **२.६५** |
| मनोरंजनात्मक र खेलकुद सेवाहरु | ४२,६४,२८ | ४२,६४,२८ | ० | |
| सांस्कृतिक सेवा | २,४५,९६ | २,४५,९६ | ० | |
| मनोरंजन संस्कृती तथा धर्ममा अनुसन्धान तथा विकास | ३८,२५,०० | ३८,२५,०० | ० | |
| **शिक्षा** | **९२,७२,७९** | **९२,७२,७९** | **०** | **२.९५** |
| तहमा वर्गिकृत नहुने शिक्षा (अनौपचारिक शिक्षा) | ५६,५२,५९ | ५६,५२,५९ | ० | |
| शिक्षाको लागि सहायक सेवाहरु | ३६,२०,२० | ३६,२०,२० | ० | |
| **सामाजिक सुरक्षा** | **७,४१,५०** | **७,४१,५०** | **०** | **०.२४** |
| बेरोजगार | ७,४१,५० | ७,४१,५० | ० | |
| **कुल जम्मा** | **३१,४१,००,४१** | **२६,५७,६४,६०** | **४,८३,३५,८१** | **१००** |

# मन्त्रालयगत व्यय अनुमान (वित्तीय व्यवस्था सहित)

## आर्थिक वर्ष २०८१/८२

अनुसूची - ४
(रु.हजारमा)

| निकाय | कुल जम्मा | प्रदेश | | | स्थानीय तह | कुल अनुमानको प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | जम्मा | चालु/पुँजीगत | वित्तीय | | |
| २०२ प्रदेश व्यवस्थापिका | १४,५०,०० | १४,५०,०० | १४,५०,०० | ० | ० | ०.४६ |
| २१० प्रदेश लोक सेवा आयोग | ९,९०,०० | ९,९०,०० | ९,९०,०० | ० | ० | ०.३२ |
| २१६ मुख्य न्यायाधिवक्ताको कार्यालय | १,७७,०० | १,७७,०० | १,७७,०० | ० | ० | ०.०६ |
| ३०१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३८,१२,९० | ३८,१२,९० | ३८,१२,९० | ० | ० | १.२१ |
| ३०५ आर्थिक मामिला तथा योजना मन्त्रालय | १७,५३,५५ | १७,५३,५५ | १७,५३,५५ | ० | ० | ०.५६ |
| ३०७ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १,९४,४७,८६ | १,९४,४७,८६ | १,९४,४७,८६ | ० | ० | ६.१९ |
| ३०८ जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | २,८६,८४,१६ | २,८६,८४,१६ | २,८६,८४,१६ | ० | ० | ९.१३ |
| ३१२ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १,८६,७२,१६ | १,८६,७२,१६ | १,८६,७२,१६ | ० | ० | ५.९४ |
| ३१४ आन्तरिक मामिला तथा कानून मन्त्रालय | २९,६४,४० | २९,६४,४० | २९,६४,४० | ० | ० | ०.९४ |
| ३३७ भौतिक पूर्वाधार विकास मन्त्रालय | १०,४६,५४,३९ | १०,४६,५४,३९ | १०,४६,५४,३९ | ० | ० | ३३.३२ |
| ३५० सामाजिक विकास मन्त्रालय | ५,७२,४३,१८ | ५,७२,४३,१८ | ५,७२,४३,१८ | ० | ० | १८.२२ |
| ३९१ कर्णाली प्रदेश योजना आयोग | ४,१५,०० | ४,१५,०० | ४,१५,०० | ० | ० | ०.१३ |
| ५०१ अर्थ - वित्तीय व्यवस्था | २५,००,०० | २५,००,०० | ० | २५,००,०० | ० | ०.८० |
| ६०२ अर्थ - विविध | २,३०,००,०० | २,३०,००,०० | २,३०,००,०० | ० | ० | ७.३२ |
| ८०१ स्थानीय तह | ४,८३,३५,८१ | ० | ० | ० | ४,८३,३५,८१ | १५.३९ |
| **कुल जम्मा** | **३१,४१,००,४१** | **२६,५७,६४,६०** | **२६,३२,६४,६०** | **२५,००,००** | **४,८३,३५,८१** | **१००** |

# खर्च शीर्षकगत व्यय अनुमान

## आर्थिक वर्ष २०८१/८२

**अनुसूची - ५**
**(रु.हजारमा)**

| खर्च संकेत नं. | खर्च शीर्षक | नगद | | कुल जम्मा |
|---|---|---|---|---|
| | | प्रदेश सरकार | संघ अनुदान | |
| **चालु** | | **७,८४,१०,६३** | **१,६९,९२,५०** | **९,५४,०३,१३** |
| **२११००** | **पारिश्रमिक / सुविधा** | **२,२३,९५,७९** | **६,४६,६०** | **२,३०,४२,३९** |
| २१११११ | पारिश्रमिक कर्मचारी | १,५६,९०,२३ | ४,६८,८६ | १,६१,५९,०९ |
| २१११२ | पारिश्रमिक पदाधिकारी | ५,७५,४० | ० | ५,७५,४० |
| २११२१ | पोशाक | ३,२४,२० | १२,०५ | ३,३६,२५ |
| २११२२ | खाद्यान्न | ४,७५,२७ | १२,९६ | ४,८८,२३ |
| २११३१ | स्थानीय भत्ता | १२,०७,८५ | १,३२,४८ | १३,४०,३३ |
| २११३२ | महंगी भत्ता | ६,७९,७८ | ० | ६,७९,७८ |
| २११३४ | कर्मचारीको बैठक भत्ता | १,३०,७८ | २०,२५ | १,५१,०३ |
| २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २८,३०,७६ | ० | २८,३०,७६ |
| २११३९ | अन्य भत्ता | १,४३,०१ | ० | १,४३,०१ |
| २११४१ | पदाधिकारी बैठक भत्ता | ५५,४२ | ० | ५५,४२ |
| २११४२ | पदाधिकारी अन्य सुबिधा | २,६१,९५ | ० | २,६१,९५ |
| २११४९ | पदाधिकारी अन्य भत्ता | २१,१४ | ० | २१,१४ |
